# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**12th NOV 2019**

| वर्ष- ३७ | अङ्क- ७ | सकिमना पुन्हि | कार्तिक २०७६ |
| --- | --- | --- | --- |




सर्वप्रथम आफूलाई उचित मार्गमा लगाउनु। अनि पछि मात्र अरुलाई उपदेश गर्नु। यस्तो गर्ने व्यक्तिको मनमा क्लेश नाश हुँदै जानेछ।

आफ्नो मालिक आफू नै हो। आफ्नो मालिक अरु को हुन सक्ला र ? आफ्नो मनलाई ठीक कार्यमा लगाउन सक्ने व्यक्तिले दुर्लभ स्वामित्व प्राप्त गर्न सक्नेछ।

आफूले गरेको खराव कार्यले आफैलाई पीडा दिनेछ। मूर्ख व्यक्तिलाई उसले मुर्खतापूर्वक गरेको पाप कर्मले पत्थरबाट निस्कने हीराले उक्त पत्थरलाई काटे जस्तै दु:ख एवं ताप दिनेछ।

आफूले गरेको पाप कर्मले आफैलाई अपवित्र पार्दछ। आफूले गरेको पुण्य कर्मले आफैलाई शुद्ध पार्दछ। शुद्ध हुने र अशुद्ध हुने जिम्मा आफूमा नै भर पर्दछ। कसैले कसैलाई शुद्ध पार्न सक्दैन।

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६३

नेपाल सम्बत् ११४०

इस्वी सम्बत् २०१९

बिक्रम सम्बत् २०७६

| | |
| --- | --- |
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# नैतिकवान् व्यक्तिलाई नियमले बाँध्न पर्दैन

चरित्रवान् र नैतिकवान् व्यक्तिहरूले प्रकृतिको नियम (पञ्चशील) स्वतः पालन गरिरहेका हुन्छन् । यसरी नियम पालन गरिरहेका शुद्ध व्यक्तिहरूलाई प्रकृतिले दण्ड दिने नियम पनि छैन ।

साँचो अर्थमा भन्ने हो भने नैतिकवान्, चरित्रवान् र सदाचारी व्यक्तिहरू रहेको समाजको लागि न्यायालय र प्रहरीको समेत खाँचो पर्दैन । कसैले नियम विपरित काम गर्ला र समस्या खडा होला भन्ने पीर लिन पर्दैन । फलस्वरुप स्वर्गिय आनन्दको अनुभव लिन पाउने छ त्यस समाजमा ।

तर जहाँ लोभी, जालसाजी, र छलकपटी मानिसहरूको उपस्थिति हुन्छ, त्यहाँ उनीहरूबाट जोगिनको लागि अनेक नियम कानून, न्यायालय, प्रहरी, अख्तियार जस्ता नानाथरिका छेकवार र सुरक्षाका साधनहरूको पनि खाँचो पर्नेछ ।

बुद्धकालिन समयको शुरुशुरुमा भिक्षुहरूलाई विशेष केही नियमहरू बनाइएको थिएन । किनभने उक्त समयका भिक्षुहरू शिक्षित, अनुशासित र इमान्दार भएको कारणले कुनै पनि थप विशेष नियमको परिधिभित्र उनीहरूलाई बाँध्न आवश्यक परेको थिएन । त्यस समयमा भगवान् बुद्धले भिक्षु संघलाई चरित्रवान् र असल मानिस बनी ब्रह्मचर्य पालन गर्ने शिक्षा मात्र दिनुभएको थियो ।

विनय पिटक अध्ययन गरेर हेर्दा भिक्षुसंघ खडा भइसकेपछि २० वर्ष सम्म त भिक्षुहरूको चरित्र राम्रै थियो । उनीहरू शीलवान् र अनुशासित थिए । तर विस्तार विस्तारै भिक्षुसंघलाई लाभ, सत्कार बढ्दै गएको कारणले उक्त संघभित्र लोभी मानिसहरूले प्रवेश गर्न थाले । फलस्वरुप लोभी र स्वार्थी भिक्षुहरूको संख्या बढ्नथाले । उनीहरूको खराब आचरण सुधार्नको लागि विभिन्न थप नियमहरू बनाउन बाध्य भयो । ती खराब आचरणका व्यक्तिहरूको कारणले भिक्षु सारीपुत्रले भगवान् बुद्ध समक्ष यसरी प्रार्थना गर्नुभयो– "भो शास्ता ! भिक्षुहरू अनुशासनहीन हुँदै गएको देखिन्छ । त्यसैले उनीहरूलाई तह लगाउनको लागि थप नियमहरू बनाउनुपर्ने देखिन्छ । उनको यस कुरा सुनी भगवान् बुद्धले भन्नुभयो– "सारीपुत्र! जसरी शरीरको कुनै पनि भागमा घाउ हुनु या खटेरा आउनु अगाडि नै त्यहाँ औषधि लगाउन मिल्दैन, त्यसरी नै कुनै पनि अप्रिय घटना हुनु अगाडि नै उक्त दुर्घटनाको लागि अन्दाजको भरमा नियमहरू लाद्न मिल्दैन । कारण बिना कुनै कार्य गर्न मिल्दैन ।"

त्यसैले होला विनय पिटक अध्ययन गर्दा सबै नियमहरू कुनै न कुनै घटना घटेको कारणले मात्र नियमहरू बनाइएका देखिन्छन् ।

मज्झिम निकायको भद्दालि सूत्र अनुसार तथागत बुद्धले भिक्षुहरूलाई ओवाद दिन छोड्नु भएको समयमा भिक्षुहरूले भगवान् बुद्धलाई यसको कारण सोधेका थिए । भगवान् बुद्धले यसरी उत्तर दिनुभएको थियो –

"पहिला पहिलाका मानिसहरू श्रद्धाचित्तले भिक्षु बनेको कारणले उनीहरू स्वभावले नै अनुशासित छन् । तर अहिलेका मानिसहरूमा धर्मप्रति शुद्ध श्रद्धा नभएको कारणले आफूभन्दा ठूलावडालाई आदर र सम्मान राख्ने बानी लोप हुँदै गएको देखिन्छ । नैतिकता बिलाएर गएको देखिन्छ । ती अट्टेरी स्वभावका मानिसहरूलाई ओवाद दिन उचित नदेखिएको कारणले ओवाद नदिएको हुँ ।"

भिक्षुहरूले फेरि प्रश्न गरे– "भन्ते ! पहिला पहिला नियमहरू धेरै थिएनन् । तैपनि अरहन्त (शुद्ध, मुक्त) व्यक्तिहरू धेरै थिए । तर अहिले नियमहरू भने धेरै छन् । तर अरहन्त व्यक्तिहरू कम मात्र देखिन्छन् । किन होला ?"

यसको उत्तर दिनुहुँदै भगवान् बुद्ध भन्नुहुन्छ– "अहिले धर्म आचरण गर्ने मानिसहरू कम भएको कारणले नियम बढाउनु परेको हो । त्यति मात्र होइन भिक्षुहरूको संख्या बृद्धि हुँदै गएकोले गलती गर्ने व्यक्तिहरूको संख्यामा पन बृद्धि हुँदैछ । यही प्रमुख कारणले गर्दा अरहन्त हुने व्यक्तिको कमी भएको हो ।" (- भद्दालि सुत्त म.नि.)

मानिसहरूमा उत्पन्न भएका यी सबै कमी कमजोरी एवं गलतीहरूलाई दृष्टिगत गर्नुहुँदै भगवान् बुद्धले भन्नुभयो– "अञ्ञाहि लाभू पनिसा अञ्ञा निब्बाण गामिनो" अर्थात्- "लाभ सत्कारको बाटो अर्कै छ भने निर्वाणको (मुक्तिको) बाटो अर्कै छ ।"

माथि उल्लेखित बुद्ध वचनले भनिरहेको छ–



Downloaded from http://www.dhamma.digital

"मानिसको मन बिग्रनुको प्रमुख कारण नै लोभ चेतना हो । लोभ चेतनाले ग्रस्ट व्यक्तिले नैतिकताहीन र चरित्रहीन कार्य गर्न पुग्छ । लोभ चेतना परिपूर्ति हुन सकेन भने हिंसा र क्रोधको चेतना शुरु हुनेगर्छ । यस्ता व्यक्तिहरूलाई नियन्त्रण गर्नको लागि नै थप नियमहरूको आवश्यकता पर्दछ । प्रकृतीले यिनीहरूलाई नारकिय जीवन भोगाउने गर्छ ।

तर निर्वाण (मुक्ति) त प्राकृतिक नियम पालनको फल हो । प्रकृतिको अनित्य, दुःख र अनात्म स्वभावलाई बुझी सो अनुसार अभ्यास गर्दै निर्दोषपूर्ण पवित्र जीवन बिताउने मेहनती व्यक्तिले मात्र यस प्राकृतिक वरदान प्राप्त गर्न सक्नेछ । यहाँ लोभ, द्वेष र मोह चेतनालाई कुनै स्थान हुँदैन । यी दूषित चित्त रहित व्यक्तिले मात्र निर्वाण (मुक्ति) को फल प्राप्त गर्न सक्नेछ। यी दुई मार्गहरू मध्ये कुन बाटो रोज्ने हामी आफैंमा भर पर्दछ ।

## बनेपा ध्यानकुटी विहार तथा मैत्री केन्द्रलाई सहयोग

१) डा. अनागारिका धम्मविजया, निर्वाणमूर्ति विहार, किम्डोल, स्वयम्भू, काठमाडौं दिवंगत संघनायक भिक्षु अश्वघोष महास्थविरको पुण्यस्मृतिमा वार्षिक भोजन दानको लागि रु. १,५०,०००/- (एकलाख पचास हजार)

२) दिवंगत संघनायक भिक्षु अश्वघोष महास्थविरको निर्वाण कामना गरी कार्तिक ११ औंसिको दिनमा ध्यानकुटी विहारमा भोजन प्रदान, डा. अनागारिका धम्मविजया निर्वाणमूर्ति विहार

३) प्रियंका तुलाधर, त्यंगः, काठमाडौंबाट रु. १०००/-

४) राकेश शाक्य, चारदाबाटो, बनेपाबाट रु. ५००/-

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्य

*क्र.सं. ८९३*

**पञ्चमुनि बज्राचार्य**

नयाँ सडक

रु. २,०००/-

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| क्र. सं. | वि.सं. २०७६ | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | प्रवचक |
|---|---|---|---|
| १ | आश्विन १९ गते, आइतवार, अष्टमी | क्षान्तिवती | क्षान्तिवती |
| २ | आश्विन २५ गते, शनिवार, श्रीघः पुन्हि | केशावती | केशावती |
| ३ | आश्विन २६ गते, आइतवार, कतिंपुन्हि | दानवती | धम्मवती |
| ४ | कार्तिक १ गते, संक्रान्ति, शुक्रवार | पञ्ञावती | धम्मवती |
| ५ | कार्तिक ४ गते, सो मवार अष्टमी | केशावती | केशावती |
| ६ | कार्तिक ११ गते, सोमवार, औंशी | खेमावती | खेमावती |



Downloaded from http://www.dhamma.digital

# राहुलमाता - यशोधरा

(महाअभिज्ञामा अग्र)

✍ **सत्य नारायण गोयन्का**

पालि साहित्यमा यशोधराको वर्णन राहुलमाता, बिम्बादेवी, भद्दकच्चाना आदिले सम्बोधन गरेको पाइन्छ। यश धारण गरेकीले 'यशोधरा' – यो जन्मजातको नाम हो। 'बिम्बा' भन्नाले चन्द्रमाको प्रकाश र शीतलता बुझिन्छ, जसले गोरो रङ्ग र शान्त स्वभावलाई दर्साउँछ। उनको सुन्दरता दर्साउन 'बिम्बादेवी' वा 'बिम्बासुन्दरी' भनियो। 'भद्दकच्चाना' प्रवज्या हुँदाको नाम हो, यसै नामबाट उनले महाअभिज्ञामा अग्रको उपाधि प्राप्त गरिन् र अनेकौंको मुक्तिको कार्यमा सहायक बनिन्। यशोधरा सिद्धार्थकुमारको जीवनसङ्गिनी बनिन् र राहुलजस्तो सुपुत्रको आमा, यस अर्थमा उनलाई 'राहुलमाता' भनेर पनि पुकारिन्छ।

यशोधराको जन्म कोलियराज्यको राजधानी देवदहमा वैशाख पूर्णिमाको दिन भएको थियो; जुन दिन शाक्यवंशीय राजकुमार सिद्धार्थ गौतमको पनि जन्म भएको थियो। यशोधराको पिता कोलिय-राजा सुप्पबुद्ध र आमा अमिता हुन्; आमा शाक्यकुलकी नै थिइन्।

सुवर्णवर्ण भएकी यशोधरा अत्यन्त सुन्दरी थिइन्, सर्वगुण सम्पन्न थिइन्, आमा-बुबाका अत्यन्त प्यारी थिइन्। पुरानो परम्पराअनुसार उनले शाक्यकुलको युवकसँग विवाह गर्नुपर्दथ्यो। शाक्यराजा सुद्धोदनका छोरा सिद्धार्थ आकर्षक एवं सुन्दर थिए। उमेरमा पनि दुवै मिल्ने, दुवै जना एकै दिन जन्मिएका थिए। यति हुँदाहुँदै पनि सिद्धार्थको शान्त स्वभावका कारण राजकुमारहरूमा हुनुपर्ने चमकको कमी, क्षत्रियहरूको शौर्य-वीर्यजस्ता गुणको अभावले सुप्पबुद्धलाई चिन्ता थियो। महाराजा सुद्धोदनको उत्तराधिकारी हुन योग्य नभएको, हुन त सिद्धार्थ चक्रवर्ती सम्राट् हुनेछ भन्ने भविष्यवाणी पनि थियो; परन्तु त्यसका लागि उपयुक्त गुणहरू नभएकाले आफ्नी छोरी यशोधराको विवाह गर्न हिच्किचाहट थियो।

यशोधरा-सिद्धार्थको जोडी यस जन्मको मात्र बन्धन थिएन। तपस्वी सुमेधले भगवान् दीपङ्करसमक्ष आफू पनि भविष्यमा सम्यक सम्बुद्ध हुने शिवसङ्कल्प गर्दा सुमीत्रा नाम गरेकी एकजना ब्राह्मणी त्यहीँ थिइन्। उनी त्यस ब्राह्मण तपस्वी सुमेधलाई हेरेर आकर्षित भइन्।

तथागत दीपङ्करले त्यस युवकको मनस्थिति हेर्नुभयो। त्यस युवकले यति धेरै पारमिताहरू परिपूर्ण गरेका थिए कि यदि अहिले नै विपश्यना-साधना सिकाइयो भने तत्काल अरहन्त अवस्था प्राप्त गरेर सर्वथा विमुक्त हुने क्षमता थियो। आठौँ ध्यानसम्म अभ्यास गरिसकेका तपस्वी सुमेधले यी सबै बुझिरहेका थिए; परन्तु आफू एकजना मात्र भव-बन्धनबाट मुक्त हुने उनको रुची थिएन। यही उनको सङ्कल्प थियो कि सम्यक सम्बुद्ध भएर अनेकौँ व्यक्तिहरूको मुक्तिको सहायक बन्न सकूँ। उनलाई यो कुरा पनि थाहा थियो कि सम्यक सम्बुद्ध बन्नका लागि कति धेरै पारमिताहरू पूर्ण गर्नुपर्छ र यसको लागि अनगिन्ती कष्टमय जीवन जिउनुछ। यस्तो कष्टमय जीवन जिउन तयार थिए। भगवान् दीपङ्कर सुमेधको मनको भाव बुझिरहनुभएको थियो; तब उनको भविष्य हेर्नुभयो। उनको सम्यक सम्बुद्ध हुने सम्भावनालाई देखेर भविष्यवाणी गर्नुभयो कि 'चार असङ्ख्य र एक लाख कल्पपछि आवश्यक पारमिताहरू पूरा गरी सिद्धार्थ गौतम नामको सम्यक सम्बुद्ध हुनेछ।'

यी सबै घटना ब्राह्मण पुत्री सुमित्राले हेरिरहेकी थिइन्। यस्तो देखेर उनले पनि यही सङ्कल्प गरिन् कि जबसम्म यो युवक अनेक जन्ममा पारमिता पूरा गर्न जन्म लिनेछन् तबसम्म म उनको सहधर्मिणी हुन सकूँ र उनको अन्तिम जीवनमा पनि अर्धाङ्गिनी बन्न सकूँ। भगवान् दीपङ्कर तथागतले उनको भविष्य पनि जाँचेर हेर्नुभयो र भविष्यवाणी गर्नुभयो कि 'यस्तै हुनेछ र सिद्धार्थको अन्तिम जीवनमा यशोधराको नामले अर्धाङ्गिनी हुनेछिन् र विपश्यना-साधनाद्वारा अरहन्त अवस्था प्राप्त गरी भवमुक्त हुनेछिन्।

यस भविष्यवाणीअनुरूप सुन्दरी यशोधराको विवाह कुमार सिद्धार्थसँग भयो। सोह्र वर्षका नवयौवना राजकुमार र राजकुमारीले तेह्र वर्षसम्म सुखद दाम्पत्य जीवन बिताए।

राजकुमार सिद्धार्थको बारेमा गरिएको भविष्यवाणी यशोधरालाई पनि थाहा थियो होला; किनकि दुवै जनाको



Downloaded from http://www.dhamma.digital

अनमेल भएको, मनमुटाव भएको घटनाहरू कहीँकतै उल्लेख छैन। दुवै समवयस्क पति-पत्नी थिए। अनन्तीस वर्षको उमेर, दुवैजना समझदार नै थिए। गृहत्याग्ने गम्भिर विषयमा पनि सायद दुवैजनाको सरसल्लाह हुन्थ्यो होला। अनगिनित जन्मदेखि जीवनसङ्गिनीको रूपमा जन्म लिँदै आएकी यशोधराले हरेक जन्ममा आफ्नो पतिको सहयोग गर्दै आएकी थिइन्।

उनन्तीस वर्षको उमेरमा जब राजकुमार सिद्धार्थले गृहत्याग गर्ने निर्णय लिए। त्यसै रात उनको पुत्र राहुलको जन्म भएको थियो। गृहत्याग गर्ने समयमा आफ्ना नवजात शिशुको मुहार हेर्न कोठामा गएका थिए। ढोकाबाटै पर्दा हटाएर हेरे। यशोधरा र राहुल गहिरो निन्द्रामा सुतिरहेका थिए। यशोधराको हातले राहुलको मुख छेकिएको थियो; त्यसैले आफ्नो पुत्रको अनुहार देख्न पाएन। शायद हात हतायो भने यशोधरा ब्युँझिनेछ र आफ्नो गृहत्यागको मनोकामनामा बाधा हुने सम्झी सुतुक्क हिँडे। यस्तो अवस्थामा, यसरी गृहत्याग गरे तापनि यशोधराले कहिल्यै पनि आफ्नो पतिको विरोध गरिनन्।

राजकुमार सिद्धार्थले बोधिज्ञान प्राप्त गरेपछि आफ्नो गृहराज्य कपिलवस्तुमा धर्मप्रचारको लागि पुग्नुभयो। बुबा महाराज सुद्धोदनले राजमहलमा भोजनको लागि निमन्त्रणा दिए। भगवान् आफ्ना शिष्यहरू– सारिपुत्र र मोग्गल्लानका साथ आफ्नो निवासमा पुग्नुभयो। यशोधराले जसरी वन्दना गरे पनि स्वीकार गर्ने भगवान्‌को निर्णय थियो।

कोही नारीले गृहत्यागी श्रमणको शरीर छुन हुँदैन थियो, खुट्टा पनि स्पर्श गर्न मिल्दैन। उहाँ त साधारण श्रमण पनि होइन, अरहन्त हुनुहुन्छ, सम्यक सम्बुद्ध हुनुहुन्छ। परन्तु महाकारुणिक भगवान्‌को मनमा असीम मैत्री जाग्यो। यशोधराले भगवान्‌को सामु बसेर पाउ पक्रेर वन्दना गरिन्।

तब महाराज सुद्धोदनले देवी यशोधराको गुण वर्णन गर्नुभयो–

* जब हजुरले गृहस्थी त्याग गरेर जानुभयो तब अनेक राजकुमारहरूले यी परित्याग गरेका महिलासँग पुनः वैवाहिक सम्बन्ध जोड्न चाहे; तर उनले आँखा उठाएर पनि हेरिनन्।
* जब हजुरले श्रमण भेष धारण गरी कपाल खौरिएको थाहापाए तब यिनले पनि कपाल खौरिइन्।
* जब हजुरले गेरु रङ्गको वस्त्र धारण गरेको थाहापाए तब यिनले पनि राजसी वस्त्र-आभूषण त्याग गरी खस्रो वस्त्र धारण गरिन्।
* जब हजुरले एक छाकमात्र खान थाल्नुभयो यिनले पनि एक छाकमात्र खान थालिन्।
* जब हजुरले आरमदायी अग्लो खातमा सुत्ने त्याग गर्नुभयो यिनी पनि होचो खातमा सुत्न थालिन्।
* जब हजुरले माला, गन्ध, विलेपन धारण गर्ने काम त्याग गर्नुभयो तबदेखि यिनले पनि ती छोएकी पनि छैनन्।
* जब हजूरले नाच-गान, बजाउने आदि आमोद-प्रमोदलाई त्याग गरेको थाहा पाए तबदेखि यिनले पनि यी सबै त्यागिन्।

यस्तै हुनै पर्ने थियो– कल्पौँअघि जब तपस्वी सुमेधको बारेमा भगवान् दीपङ्कर सम्यक सम्बुद्धले भविष्यवाणी गर्नुभयो कि यी व्यक्ति पछि सिद्धार्थ गौतम नामको सम्यक सम्बुद्ध बन्नेछ, तब ब्राह्मण पुत्री सुमित्राको बारेमा पनि भविष्यवाणी गर्नुभएको थियो कि जन्म-जन्मान्तरसम्म यिनको धर्मपत्नी बनेर सहयोग गर्नेछिन्। यो त यी दुवैको अन्तिम जन्म थियो, पत्नी बनेकी यशोधराले सम्यक सम्बुद्ध हुने काममा सिद्धार्थ गौतमलाई साथ किन दिँदैन ?

यदि यशोधराको मनस्थिति त्यस्तो नभएको भए पतिले नवजात शिशु जन्मेकै दिन घर त्यागेर जाँदा साधारण महिलाले झैँ रुने-कराउने गर्थी, रातमा भागेका लोग्नेलाई गाली गर्थी। आफ्नो श्रृङ्गारपतार त्यागेर बस्ने थिएन। अत्यन्त सुन्दरी, रूपवती युवती भएको कारण अन्य राजकुमारहरूमध्ये छानेर पुनर्विवाह गर्ने थियो र सांसारिक सुख भोग्ने थियो।

तर यशोधरा त बोधिसत्वको जन्म-जन्मका धर्मसङ्गिनी थिइन्। यस्तो गर्न कसरी सक्ला ? पतिले कुन महान् उद्देश्य लिएर घर त्यागेको भन्ने बुझेकी थिइन्। विलाप गर्नुको सट्टा उनको सफलताको मङ्गलकामना गर्दै रहिन्।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# बुद्ध गुणो अनन्तो

*लेखक*- **भिक्षुणी धम्मवती गुरुमां**
शासनधज धम्माचरिय, अग्ग महागन्थवाचक पण्डित
*अनुवाद*- **भिक्षुणी वीर्यवती गुरुमां**

भगवान् बुद्धको गुण अनन्त छ। उहाँको दाँजोमा आउन सक्ने व्यक्ति हाल वर्तमानसमयमा पनि कोही छैन। भविष्यमा पनि हुने छैन। पहिले भूतकालमा पनि थिएन। भगवान् बुद्धका ९ वटा अमूल्य गुणहरू छन्। ती यसरी प्रस्तुत गरिन्छ –

१) अरहं, २) सम्मासम्बुद्धो, ३) विज्जाचरण सम्पन्नो, ४) सुगतो, ५) लोकविदू ६) अनुत्तरो पुरिसदम्म सारथी, ७) सत्थादेव मनुस्सानं, ८) बुद्धो, ९) भगवा।

यी ९ वटा गुणहरूलार्य एकएक गरी जसले अध्ययन गरी राम्ररी बुझ्न सक्दछ, उसले मात्र भगवान् बुद्ध भन्ने व्यक्ति कति महान र दुर्लभ व्यक्ति हुनुहुँदो रहेछ भनी उहाँको महत्व थाहा पाउने छ। तर बुद्ध एक महापुरुष हुनुहुन्छ, यस्ता महापुरुषहरू संसारमा कति आउँछन् कति जान्छन् भन्दै मन्द बुद्धि भएका साधारण व्यक्तिहरूले उहाँको व्यक्तित्वलाई पनि साधारण रुपमा नै लिने गर्छन्। तर प्रज्ञा तिक्षण व्यक्तिहरूले जब बुद्धको महत्व बुझ्न थाल्दछ, तबउनीहरूले बुद्धलाई र उहाँले दिनुभएको ज्ञानलाई साधारण रुपले नलिई यसलाई भित्री हृदय देखि स्वीकार्दै आफ्नो दैनिक व्यवहारमा प्रयोग गर्न पछि पर्दैनन्। त्यसैले बुद्ध शिक्षा एवं "**पच्चत्तं वेदितब्बो विञ्ञूहि**" मा स्पष्ट भनिएको छ– "आफूसँग ज्ञान बुद्धि छिप्पिंदै आएपछि मात्र बुद्ध शिक्षाको महत्व बुझिनेछ र यसलाई तब मात्र आ-आफ्नो व्यवहारमा प्रयोग गर्न तम्सिनेछ।" बुद्ध शिक्षालाई हामीले आ-आफ्नो व्यवहारमा प्रयोग गर्न नसकेसम्म हामी माझ शान्तिले वास गर्ने छैन।

अब बुद्ध गुणहरू नौवटालाई राम्ररी बुझ्ने प्रयास गरौं –

१) अरहं – बुद्ध गुण अरहंलाई ३ किसिमले नै परिभाषा दिन सकिन्छ। ती यसरी रहेका छन्।

(क) अ + रहं = 'अ' को अर्थ नरहेको अर्थात् छैन।

'रहं'को अर्थ गुप्त पाप हो।

यसले गुप्त पाप नभएको भन्ने अर्थ बुझाउँदछ। भगवान् बुद्धले गुप्त रुपले समेत पाप गर्नुहुन्न।

यस संसारमा खराब व्यक्तिहरूले लाज, शरम नै पचाई खुलेआम पाप कर्म गर्न डराउँदैनन् भने पाप कर्म गर्न हुन्न भनी बुझिसकेका तर आफ्नो मनबाट क्लेश हटाउन नसकिरहेका व्यक्तिहरूले खुलेआम पाप कर्मनगरे पनि लुकीछिपी गुप्त तरिकाले पाप कर्म गरिरहेका हुन्छन्।

यसको लागि बर्माको एउटा घटना उदाहरणको रुपमा प्रस्तुत गर्न सकिन्छ।

बर्मामा एकजना भिक्षु रहेछ। उहाँलाई राजाले कहिले काहीं भोजन दान दिन पठाउनेगर्दो रहेछ। अरु दिन उक्त भिक्षुले अन्य साधारण भोजन नै सेवन गरी बस्दथे। राजाले भोजन दान दिन पठाउँदा स्वादिष्ट भोजन खाई त्यही स्वादमा पल्किसकेको उक्त भिक्षुले राजकीय भोजन खान नपाउने बेला साधारण खाना नरुच्ने भएपछि उसको कुटी नजिक रहेको पोखरीमा बल्छी लगाउँदै माछा मारेर खान पल्केछ। एकदिन राजाले उक्त भिक्षुलाई आदरपूर्वक दूतको हातबाट भोजनदान गर्न पठाएछ। राजाले त उसलाई शीलवान् भिक्षुको रुपमा नै भक्ति गरी भोजन दान दिन पठाएको थियो। तर त्यसदिन उक्त भिक्षुले स्वादको बसमा लागी आफू बसेको ठाउँमा सुनसान हुने भएकोले त्यसको फाइदा उठाई आफ्नो चीवर फुकाली पोखरीतर्फ गई बल्छी लगाएर माछा मारिरहेको थियो। भोजन दान गर्न आएका राजाको दूतले कुटीमा भिक्षु नदेखेपछि यताउती खोज्दै हिंड्दा पोखरी छेउमा बसी माछा मार्दै रहेको भिक्षुलाई देखेछ। यो अशोभनिय दृष्य देख्ने वित्तिकै राजाको दूतको मनमा उक्त भिक्षुप्रतिको चोखो श्रद्धा धमिलिन पुग्यो। फलस्वरुप उसले दान दिन ल्याएको भोजन दान नगरीकन नै खुरुक्क दरवारमा फर्काएछ। उता माछा मारिरहेको भिक्षुले जब आफ्नो गुप्त पाप राजाको दूत सामु उदांगियो, तब उ लाजले भुतुक्क हुँदै मुख रातो पारी पोखरी छेउबाट बिस्तारै उठेर बल्छी एकातिर फाल्यो। आफूले फुकालेको चीविर लगाई लुसुक्क कुटीभित्र पस्यो।

भोजन दान नदिइकन दरवारमा नै फर्काएको देखी राजाले दूतलाई कारण सोधेछ। अनि दूतले पनि यथार्थता बताउँदै भनेछ –



Downloaded from http://www.dhamma.digital

"महाराज ! त्यो भिक्षु त नक्कलि परेछ । उसले आफैं पोखरी छेऊ बसी माछा मारिरहेको रहेछ । यो दृश्य देख्ने बित्तिकै मेरो मनले यस्ता ढोंगि भिक्षुलाई दान दिएर पनि पूण्य प्राप्त हुन्छ र ? भन्ने सोच्न थाल्यो । त्यसैले भोजन दान नदिईकन फर्काएर ल्याएँ ।"

यो कुरो सुनी राजा एकछिन अकमक्क परे । अनि केही वेरपछि राजाले दूतलाई प्रश्न गऱ्यो– "दूत ! त्यस भिक्षुले तिमीलाई देख्ने बित्तिकै के गऱ्यो नि ?"

दूतले भन्यो– "महाराज उसले मलार्य देख्ने बित्तिकै मुख रातो पारी लाजले भुतुक्क भयो । अनि बल्छी एकातिर फाली चीवर लगाउँदै लुसुक्क आफ्नो कुटी भित्र पस्यो ।"

यस्तो उत्तर सुन्ने वित्तिकै राजाले भन्यो– "हे दूत ! अहिलेसम्म त्यस भिक्षु भोजन दान दिन योग्य नै रहेछ । छिटो गएर उक्त भिक्षुलाई भोजन दान दिएर आउनु । उसलाई भोजन दान दिनुपर्छ । किनभने त्यस भिक्षुमा पाप कर्म गर्ने बेलामा लाज शरम त बाँकी नै रहेछ नि । जबसम्म मानिसमा नराम्रो काम गर्ने बेला लाज शरम बाँकी रहन्छ, तबसम्म उक्त व्यक्तिलाई दान दिन योग्य हुन्छ । जब लाज शरम पचाउने बानी बस्छ, त्यस्ता नीच व्यक्तिले खुलेआम पाप कर्म गर्न डराउँदैन । यस्ता व्यक्ति पशुभन्दा नीच स्तरमा गिर्दै जान्छ ।"

गुप्त रुपले पनि पाप कर्म नगर्ने व्यक्तिहरू यस लोकमा दुर्लभ नै छन् । त्यसैले बुद्धको अमूल्य गुण अ + रहं अर्थात् गुप्त रुपले समेत पाप कर्म नगर्ने बुद्धको पवित्र गुणलाई बुझेपछि बुद्ध प्रति मानिसहरूको मन श्रद्धाले त्यसै पनि झुकिन्छ ।

(ख) अर + हं =

अर – राग, द्वेष र मोहरुपी क्लेश ।

हं – जरा देखि नै निर्मूल भएको ।

यसको अर्थ बुद्धले राग, द्वेष र मोह रुपी क्लेशहरूलाई जरा नै उखेलेर निर्मूल पारिसक्नु भएको छ भन्ने कुरा जनाउँदछ ।

राग, द्वेष र मोह रुपी क्लेश बाँकी रहेका मानिसहरूले यी क्लेशहरूको बसमा लागी पहिला यी क्लेशहरूबाट आफू पोल्दै अशान्तीमा होम्न पुग्छन् । पछि त्यही अशान्तिको आगोले अरुलाई पनि पोल्दै हिंड्छन् । तर बुद्धको मनमा यी अशान्तिका आगोको जरा उखेलेर फालिसकेको हुँदा उहाँकोमनमा पवित्र शान्ति र मैत्री रुपी शीतलताले बास गरिसकेको हुन्छ । बुद्धको यस पवित्र गुणलाई जब मानिसले बुझ्नेछन्, तब उहाँको पवित्रता प्रति श्रद्धाले झुक्ने गर्छन ।

त्यसैले बुद्ध भन्नुहुन्छ –

"यो धम्मं पस्सति सो मं पस्सति"

"जसले धर्मलाई देख्छ, उसले मात्र मलाई (बुद्धलाई) देख्नेछ ।

त्यसैले बुद्धलाई राम्ररी चिन्न सक्ने व्यक्ति पनि दुर्लभ नै हुन्छन् ।

(ग) अरहं – अरहं भनी तीनवटै अक्षरहरूसँगै राखियो भने यस तीनवटा अक्षरको समूहले ब्रह्मा देव र मानिसहरू सबैले पूजा गर्न योग्य व्यक्ति भन्ने भाव जनाउँदछ ।

बुद्धले प्राप्त गर्नु भएको पवित्र ज्ञानलाई जसले अभ्यास गर्नसक्छ उसले दःखबाट मुक्ति प्राप्त गर्नसक्छ । यसरी नै ब्रह्मा, देव र मनुष्यहरू समेतलाई दुःखबाट मुक्ति दिलाउन सक्ने बुद्ध शिक्षा भएको हुँदा भगवान् बुद्ध ब्रह्मा, देव र मनुष्यहरू सबैले पूजा गर्न योग्य व्यक्ति हुनुहुन्छ ।

(२) सम्मासम्बुद्धो –

संसारमा जति पनि धर्म ग्रन्थहरू छन्, ती सबै धर्मलाई भगवान् बुद्धले अध्ययन र चिन्तन मनन गर्नुभई बुझि सक्नु भएको छ । चार असंख्य र एकलाख कल्पसम्म विभिन्न गुरुहरूका चेला बन्नुभई उहाँले अनेक धर्म शास्त्रहरू अध्ययन गरिसक्नु भएपछि मात्र बोधि ज्ञान लाभ गर्नुभएको थियो । त्यसैले उहाँले अनन्त कल्पसम्म धर्म अध्ययन गर्नुभई सम्पूर्ण धर्मलाई बुझिसक्नु भएपछि मात्र हामी जस्ता अज्ञानीहरूलाई धर्मको विषयमा व्याख्या गर्नु भएको थियो । त्यसैले उहाँलाई सबै धर्म राम्ररी बुझिसक्नु भएका सही धर्मका ज्ञाताको रुपमा सम्मासम्बुद्धो भनिएको हो ।

त्यसैले अशोक महाराजाले आफूले चक्रवर्ती राजा बनी राज्य चलाउनु भएको बेला भिक्षु उपगुप्तसँगै भगवान् बुद्धसँग सम्बन्धित मुख्य मुख्य स्थानहरूमा तीर्थयात्रा गर्नुभई ती अमूल्य स्थानहरूमा अशोक स्तम्भ खडा गर्नु भएको थियो । यस कार्यलाई अशोक महाराजाको ठूलो देनको रुपमा लिन सकिन्छ । लुम्बिनीमा पनि अशोक स्तम्भ नभेटिएको भए त्यहाँ स्थापना गरिराखेको मायादेवी (बुद्ध माता) को मूर्तिलाई बनदेवी बनाई बलि चढाउँदै आइरहेको कार्यलाई हालसम्म पनि निरन्तरता नै दिइरहने



Downloaded from http://www.dhamma.digital

थियो होला । अशोक स्तम्भले ऐतिहासिक सत्य तथ्यलाई बचाईराख्नसाथ दिइराखेको छ । यी अशोक स्तम्भहरूको माथि कहीँ घोडा, कहीँ साँढे, कहीँ हात्ति त कहीँ सिंहका मूर्तिहरू राखिएका छन् । धरैजसो स्तम्भको माथिल्लो तहमा सिंहको मूर्ति नै राखिएको देखिन्छ । तर सारनाथमा भगवान् बुद्धले प्रथमपटक धर्मचक्र प्रवर्तन गर्नु भएको कारणले उक्त स्थानको स्तम्भ माथि चारवटै दिशातर्फ फर्किरहेका चारवटा नै सिंहहरूको मूर्ति राखिएका छन् । सक्कलि स्तम्भलाई हामीले आजभोलीपनि सारनाथको म्यूजियममा हेर्न जान सकिन्छ । यस मूर्तिको अर्थ यसरी रहेको छ –

"भगवान् बुद्धले चारवटै दिशाहरूबाट आउने सबै धर्मगुरु एवं विद्वानवर्गहरूलाई सिंह जस्तै निर्भिक हुनुभई चित्त बुझ्ने तरिकाले धर्मको विश्लेषण गर्नसक्नु हुन्छ ।"

यसरी बुद्ध सम्पूर्ण धर्मका ज्ञाताको रुपमा सबै धर्मलाई राम्ररी आफैं बुझ्न सक्षम हुनुभएको प्रमाणित भएको कारणले उहँ सम्मा सम्बुद्धो हुनुहुन्छ ।

(३) विज्जा चरण सम्पन्नो –

भगवान् बुद्ध सम्पूर्ण विद्याले पूर्ण र शुद्ध आचरणले सम्पन्न हुनुहुन्छ । तर आजभोली संसारका कतिपय विद्वान वर्गहरूको बानी व्यवहार अध्ययन गरी हेर्ने हो भने धेरैजसो मानिसहरू विद्याले सम्पन्न भएपनि शील आचरणले भने सम्पन्न हुन सकिरहेका छैनन् ।

संसारमा निम्न उल्लेखित स्वभावका व्यक्तिहरू छन् –

(क) शील आचरण पनि भ्रष्ट भएका र विद्या गुण पनि नभएका ।

(ख) विद्याले सम्पन्न भई परोपदेश पण्डितको रुपमा रही अरुहरूको लागि मात्र विद्वान्, कुरा गर्न शिपालु, सिकाउन र भाषण गर्न, सक्षम विभिन्न पुस्तक र पत्र पत्रिकाहरूमा लेखहरू छापी विद्वता दर्शाउन शिपालु भएपनि आचरण भने भ्रष्ट बनिरहेका हुन्छन् । त्यस्ता व्यक्तिले आफ्नो आचरण सुधार्ने कार्यतर्फ ध्यान दिन सकिरहेकानै हुँदैनन् ।

(ग) कोही व्यक्ति गफ हाँक्न र भाषण गर्न त्यति जान्दैनन् । तर उसमा विद्यमान शील आचरण भने शुद्ध, शान्त दान्त स्वभावका हुन्छन् । त्यस्ता व्यक्तिलाई देख्दा हाम्रो मन आनन्द र शीतल हुनेछ । यस्ता धार्मिक व्यक्तिहरू हाम्रो साम‍ु अहिलेसम्म पनि विद्यमान नै छन् ।

(घ) तर भगवान् बुद्ध जस्तो धर्मलाई बुझ्नसक्ने व्यक्ति अरु कोकी छैन । विभिन्न मानिसहरूको विभिन्न स्वभाव अनुसार उनीहरूलाई ठीक ठीक तरिकाले ज्ञान सिकाउन र बुझ्फाउन सिपालु हुनु भएका भगवान् बुद्धले दुःखले छटपटिएर आउने दुःखीहरूलाई दुःख हट्ने तरिका अपनाई धर्मोपदेश दिने गर्नुहुन्थ्यो ।

उदाहरणको लागि आफ्नो श्रीमान्, बाल बच्चाहरू, लगायत आमा बुबा समेत गुमाउन पुगी बहुलाईसकेकी पटाचारालाई पनि भगवान् बुद्धले उनीलाई सुहाउँदो तरीका अपनाई धर्मोपदेश गर्नुभई बोध गर्नुभएको थियो । यसरी नै आफ्नो एक्लो बालक छोरो गुमाउन पुगेकी र यस पीडा सहननसकी बहुलाएकी कृषा गौमी नाम गरेकी महिलालाई पनि अर्कै तरिकाले धर्मोपदेश गरी बोध गर्नु भएको थियो ।

यसरी भगवान् बुद्धले आफूसँग लुकेर बसेका दुःखका कारणको रुपमा रहेका क्लेशहरूलाई निर्मूल पार्नुभई आफ्नो मनलाई शील आचरणले परिपूर्ण गरिसक्नु भएपछि मात्र अरुहरूको मनमा रहेका क्लेश हटाउने उपायहरू बताउँदै उनीहरूको दुःख हटाउने कार्य गर्नुभएकोले उहाँ विज्जा चरण सम्पन्नो हुनुहुन्छ ।

(४) सुगतो –

सुगतोको दुईवटा अर्थहरू रहेका छन् । दुःख अन्त्य भएको मार्गमा लाग्नु भएको कारणले उहाँलाई सुगतो भनिएको हो ।

यसरी नै अरुलाई हितसुख हुने कुरा बाहेक दुःख, पीडा पुग्ने कुरा कसैलाई पनि नगर्ने व्यक्ति भएको कारणले पनि भगवान् बुद्धलाई सुगतो भनिएको हो ।

(५) लोक वीदू –

यस संसारमा प्राणीहरू रहने सम्पूर्ण ३१ वटा लोकहरू, सत्तलोक, संस्कार लोक र ओकास लोकको विषयमा राम्ररी ज्ञान भएका उहाँ भगवान् बुद्धलाई लोकवीदू पनि भनिन्छ ।

(६) अनुत्तरो पुरिसदम्म सारथी –

देवता र मनुष्यहरूलाई ज्ञानद्वारा बोध गराउनु भई ज्ञानी बनाउने कार्यमा शिपालु हुनुभएका भगवान् बुद्धलाई यस क्षत्रको उत्तम सारथीको रुपमा लिइएको छ । जसरी एक कुशल सारथीले चण्ड घोडाहरूलाई तालिम दिई आफ्नो वसमा लिन सिपालु हुन्छ, त्यसरी नै भगवान् बुद्धले चण्ड स्वभावका व्यक्तिहरूलाई पनि उनीहरूको



Downloaded from http://www.dhamma.digital

अविद्यारुपी पर्दा हटाई ज्ञानको आँखा खोलिदिनुभई ज्ञानी बनाउन सिपालु हुनुहुन्छ ।

एकदिन भगवान् बुद्ध समक्ष एक घोडा व्यापारी आइपुगेछ । उक्त घोडा व्यापारीले घोडाहरू ल्याई तालिम दिने र तालिम प्राप्त घोडालाई थुप्रै पैसा लिई बेच्ने गर्थ्यो । उसले बुद्ध समक्ष यसरी प्रशंसा गर्दै प्रश्न राखेछ –

"भो भगवान् ! हजुर धन्य हुनुहुन्छ । किनभने मैले त घोडालाई वसमा राख्नको लागि तालिम दिने काम गर्छु । घोडा भनेको त पशु हो । पशुहरू सीधा साधा हुन्छन् छलकपट गर्न जाँदैनन् । उनीहरूलाई त वसमा राख्न र तालिम दिन ज्यादै कठिन हुँदो रहेछ भने तपाई त पशुहरू भन्दा पनि चण्ड स्वभावका छलकपट गर्न जान्ने मानिसहरूलाई नै तालिम दिनुभई ज्ञानी बनाउन र शिक्षित बनाउन सिपालु हुनुहुन्छ । यस्ता चण्ड स्वभावका मानिसहरूलाई तपाईंले कसरी बोध गर्नु भएको होला ? धन्य हुनुहुन्छ तपाई ।"

घोडा व्यापारीको कुरा सुन्नुभई भगवान् बुद्धले उनलाई यसरी उत्तर दिनुभयो –

"मैले पनि तिमीले जस्तै विधि अपनाएर नै यी मानिसहरूलाई बोध गर्ने गर्छु ।" यो कुरा सुनी घोडा व्यापारीले भन्यो –

"भो भगवान् ! मैले त पहिला घोडाहरूलाई फकाई फकाई मिजास गरी तालिम दिन्छु । यदि फकाएर पनि काम चलेन भने कुटेर तालिम दिन्छु । कुटेर पनि काम चलेन भने चाहिं खुकुरीले चट्ट काटी नै दिन्छु । के तपाईंले पनि मैले जस्तै हतियार नै प्रयोग गरी तालिम दिने गर्नुहुन्छ र !"

बुद्धले भन्नुभयो– "मैले पनि मेरा चेलाहरूलाई पहिला सम्झाई बुझाई तालिम दिने गर्छु । यसरी पनि उनीहरूले शिक्षा सिक्न सकेन भने नर्कको भय देखाई बोध गराउँछु । यसरी पनि ठीक ठाउँमा आएन भने त मैले उपेक्षा भाव गरी बोध गर्दछु ।"

यसरी बुद्धले मानिसहरूको विभिन्न चरित्र र संस्कार अनुसार सुहाउँदो व्यक्तिलाई सुहाउँदो तरिका अपनाई बोध गराउनु हुन्छ । जम्बुपति राजा जस्तो अभिमानले चूर भएकाआलवक राक्षसलाई पनि भगवान् बुद्धले आफ्नै तरिका अपनाई बोध गराउनुभयो भने बक ब्रह्मा जस्ता मिथ्या धारणा राखीरहने व्यक्तिलाई पनि सत्य ज्ञान, देखाउनु भई बोध गर्नुभयो । त्यसैले भगवान् बुद्ध अनुत्तरो पुरिसदम्म सारथी गुणले सम्पन्न हुनुहुन्छ ।

(७) सत्था देव मनुस्सानं –

भगवान् बुद्ध देव मनुष्य र ब्रह्माहरूको पनि गुरु हुनुहुन्छ । उहाँले देवताहरूलाई पनि ज्ञान दिनुभई ठीक मार्ग देखाउने गर्नुहुन्छ । अनित्यलाई पनि नित्य ठानी गलत धारणा राखिरहने ब्रह्मादेवलाई समेत अनित्य स्वभावको सत्यतथ्यलाई प्रष्टाउनुभई बोध गर्नुभएको प्रमाणले यस कुरालाई छर्लङ्गाउँदछ । अंगुलीमाल जस्ता हिंस्रक व्यक्तिलाई पनि आफ्नो हीत परहीत हुने कार्य सम्वन्धी ज्ञान दिनुभई उहाँ गुरु बन्नु भएको थियो । यसरी भगवान् बुद्ध देवता र मानिसहरूको सक्कलि गुरु हुनुहुन्छ ।

(८) बुद्धो –

**"सब्ब धम्मे बुझतीति बुद्धो"**

अर्थात् संसारमा रहेका सबै धर्मलाई बुझ्नुभई यही एउटा मात्र धर्मले हाम्रो दुःख उन्मूलन हुनेछ भनी सक्कली धर्मलाई बुझ्नु भएका उहाँ भगवान् बुद्ध हुनुहुन्छ ।

(९) भगवा –

**"भग्गो यस्स अत्थिति भगवा"**

अर्थात् सम्पूर्ण भाग्यले सम्पन्न भगवान् बुद्ध हुनुहुन्छ ।

**"भग्ग रागो भग्ग दोसो भग्ग मोहोति भगवा"**

अर्थात् भगवान् बुद्धले राग, द्वेष र मोह आदि सम्पूर्ण क्लेशहरूलाई भग्न गरिसक्नु भएको छ । त्यसैले उहाँलाई मारका सुन्दरी छोरीहरूले समेत वसमा राख्न सकेनन् । राग, द्वेष, मोह सहितका व्यक्तिहरू जति त्यागी, शीलवान् भनिए पनि उनीहरूको मन समय समयमा क्लेशले कम्प भइरहने गर्दछ ।

मोहले छोपेपछि राग, द्वेष विस्तारै भित्रिने गर्छ । तर भगवान् बुद्धले मोहरुपी अन्धकारलाई निर्मूल पारी प्रज्ञा ज्ञान उत्पन्न गरिसक्नु भएको कारणले उहाँ भगवान् हुनुहुन्छ ।

यसरी भगवान् बुद्ध ९ वटा विशेष गुणहरूले सम्पन्न हुनुहुन्छ । यी ९ वटा बुद्ध गुणहरूलाई हामीले एकचित्त गरी स्मरण गर्नसके हाम्रो मन शान्त र आनन्द हुनेछ । यसकार्य सुनेको भरमा मात्र होइन, आफैले ठीक तरिकाले अभ्यास गरेर हेर्नुपर्दछ । यसरी बुद्ध गुणलाई बारम्बार स्मरण गर्दै शान्ति प्राप्त गर्न सकौं ।

भवतु सब्ब मंगलं ।



Downloaded from http://www.dhamma.digital

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
बि.सं. २०२६ जेठ १७ गते
ने.सं. १०८९ तछलाथ्व
ज्याःपुन्हि

*दिवंगत :*
बि.सं. २०७६ श्रावण ६ गते
ने.सं. ११३९ दिल्लागाः पञ्चमी

## दि. शर्मिला शाक्य

जिमि भमचा मय्जु शर्मिला शाक्य आकाभ्काकां दिवंगत जुल । संसारया अनित्य दुःख व अनात्म स्वभाव धर्मयात स्वीकार यासे दिवंगत जूम्ह **शर्मिला शाक्य**या सुगति व निर्वाण कामना यासे पुण्यानुमोदन यानाच्वना । दुःखं कयाच्वंगु थुगु इलय् मैत्री पूर्वक बिचाः हाय्का द्यूपिं सकल थःथिति, इष्टमित्र व पासाभाईपिन्त साधुवाद बियाच्वना ।

**सानुमान शाक्य**
**चन्द्रदेवी शाक्य सपरिवार**
पकनाजोल

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
बि.सं. १९९७ आश्विन १५ गते

*दिवंगत :*
बि.सं. २०७६ असार १६ गते

## दि. सुभद्रा मानन्धर, तँलाक्षी त्वाः, यँ

अनन्त गुण दुम्ह जिमि **मां सुभद्रा मानन्धर** दिवंगत जुयादिल । अनित्य, दुःख व अनात्म स्वभाव दुगु थुगु संसारया प्राकृतिक नियम पालन यानाः भ्काःम्ह जिमि मांया सुगति कामना यानाच्वना । बुद्ध शिक्षा पालन यासे दान, शील व ध्यानया अभ्यास याना च्वनादीम्ह जिमि मांयात याकन हे निर्वाणया हेतु नं चूलाय्मा धकाः पुण्यानुमोदन यानाच्वना । मां नाप बायाच्वनेमाःगु दुःखद् घडी मैत्रीपूर्वक बिचाः हाय्काः धैर्यधारण याय्त गुहाली यानादीपिं सकल पासा भाईपिं व थःथितिपिन्त नं साधुवाद बियाच्वना ।

**कायपिं : भाईराजा मानन्धर, शशि शेखर मानन्धर**
**म्ह्याय् : गौरी लक्ष्मी मानन्धर**



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## धर्मकीर्ति संरक्षण कोषको सोन्हौं वार्षिक साधारण सभामा यस कोषका विभिन्न इकाईहरूबाट प्रस्तुत गरिएका प्रगति प्रतिवेदनहरू

### धर्मकीर्ति सूचना तथा जनसम्पर्क इकाई
### (आ.व. २०७५/२०७६ को प्रगति प्रतिवेदन)

*प्रस्तुती- अमीता तुलाधर*

यस इकाईको संयोजक धर्मकीर्ति संरक्षण कोषका कार्यकारिणी सदस्य नविन चित्रकार हुनुहुनछ। तर उहाँ एकवर्ष अगाडि देखि अस्वस्थ रहनु भएको कारणले उहाँकै सुझाव एवं सहयोग लिई मैले यो प्रतिवेदन यहाँ पेश गरेकी छु–

साँच्चै भन्ने हो भने धर्मकीर्ति सूचना तथा जनसम्पर्क इकाई नविन चित्रकार दाईको नै संयोजन र सक्रियतामा अगाडि बढिरहेको थियो। उहाँकै पहलबाट भारतिय महामहिम राजदूत मञ्जित सिंह पुरिज्यू ब्राजिलका महामहिम राजदूत Maria Terasa Pessoa, बंगला देशका महामहिम राजदूत मास्फे विन्टे स्याम्सज्यू र अन्य स्वदेशी एवं विदेशी गरी थुप्रै विद्वान्हरूलाई धर्मकीर्ति विहारमा स्वागत गरी प्रवचन, गोष्ठी जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने मौका प्राप्त भएको थियो।

वि.सं. २०७६ असार २० गते, शुक्रवारका दिन उहाँकै पहलमा धर्मकीर्ति विहारमा Embassy of Russian Federation का First Secretary Russian Center of Science and Culture का Director Ms. Iullia Androsova को तर्फबाट प्रवचन गोष्ठी पनि सम्पन्न भयो।

यसरी नै भिक्षुणी धम्मवती गुरुमां दर्शन गर्ने सिलसिलामा Cancer सम्वन्धी ज्ञान एवं जानकारी दिन Dr. Ranga Rao र Neeraj Chauhan आदि नविन चित्रकारज्यूको पहलबाट नै धर्मकीर्ति विहारमा आउनु भएका थिए।

यसरी नै धर्मकीर्ति सूचना तथा जनसम्पर्क इकाईको तर्फबाट आगामी दिनहरूमा पनि श्रीलंकाका नयाँ राजदूत, रसियाका राजदूत लगायत अन्य विशिष्ट व्यक्तित्वहरूलाई पनि धर्मकीर्ति विहारमा स्वागत गर्ने इच्छा राखेकी छु।

अन्त्यमा यस इकाईका संयोजक नविन चित्रकारको सुस्वास्थ्य कामना गर्दै उहाँले धर्मकीर्ति विहारमा आउनुभई अन्य विभिन्न रोचक कार्यक्रमहरू सञ्चालन गर्न सकुन भनी कामना पनि गर्दछु।

### धर्मकीर्ति अध्ययन तथा भ्रमण कमिटी
### (आ.व. २०७५/२०७६ को प्रगति प्रतिवेदन)

*प्रस्तुती- भिक्षुणी केशावती गुरुमां (कार्यक्रम संयोजिका)*

धर्मकीर्ति अध्ययन र भ्रमण कमिटीको तर्फबाट गत २०७५ साल पौष २० गते देखि माघ ४ गतेसम्म वर्मा र थाइलैण्ड देशको भ्रमण कार्यक्रम सम्पन्न भएको छ।

२५ जना यात्रुहरू सम्मिलित उक्त भ्रमण टोलीले १० दिन वर्मा र ५ दिन थाइलैण्ड भ्रमण गरेको थियो।

यात्राबाट संकलित रु. ५०,०००/– रकम भिक्षुणी धम्मवतीको स्वास्थ्य कोषमा दाखिला गरिएको छ भने अन्य रु. १८,०००/- रकम गुरुमांको लागि औषधि खर्चको लागि दान गरिएको छ।

यही कमिटीबाट धम्मवती गुरुमांको ८५ औं जन्मोत्सवको उपलक्ष्यमा २०७५ साल चैत्र २० गते देखि २६ गतेसम्म धर्मकीर्ति विहारका गुरुमांहरूको सहयोगमा गौतमी भिक्षुणी विहार लुम्बिनीमा अल्पकालिन श्रामणेरी गुरुमां प्रव्रज्या र ऋषिणी प्रव्रज्या कार्यक्रम सम्पन्न गरिएको थियो। श्रामणेरी गुरुमांहरू र ऋषिणीहरू गरी जम्मा १९ जना व्यक्तिहरूले अल्पकालिन प्रव्रज्या जीवन ग्रहण गरेका थिए। यस कार्यक्रमबाट संकलित रकम मध्ये रु. २५०००/- रकम गौतमी भिक्षुणी विहार लुम्बिनीलाई चन्दा सहयोग प्रदान गरिएको थियो।

### धर्मकीर्ति शिक्षा सदन
### (आ.व. २०७५ श्रावण देखि २०७६ आषाढ सम्मको प्रगति प्रतिवेदन)

*प्रस्तुती- रमाशोभा कंसाकार*

साना साना नानीहरूलाई बुद्ध शिक्षा दिने उद्देश्यले वि.सं. २०६५ सालमा काठमाडौंको खुशीबुँमा धर्मकीर्ति



Downloaded from http://www.dhamma.digital

विहारको सदस्यहरू मिली श्रीमती कीर्ति तुलाधरको निर्देशनमा स्थापना गरिएको हो ।

वि.सं. २०७० देखि हालसम्म यस शिक्षा सदन आनन्दकुटी विद्यापीठ स्कूलमा मर्ज गरी सुसञ्चालन भइरहेको छ । वि.सं. २०७६ वैशाख महिना देखि नयाँ सत्रको Pre-Primary Section मा १७ जना विद्यार्थीहरू अध्ययनरत छन् । वि.सं. २०७५ श्रावण देखि २०७६ आषाढसम्मको आय विवरण हाल यस शिक्षा सदन आननदकुटी विद्यापीठ व्यवस्थापन अन्तर्गत सञ्चालन भइरहेको हुँदा आय विवरणको व्यवस्थापन सो स्कूलले गरिँदै आइरहेको जानकारी गराउँदछौं ।

यस आनन्दकुटी विद्यपीठमा १३८ जना विद्यार्थीहरू अध्ययनरत मध्ये ८ जना विभिन्न विहारका ऋषिणीहरूलाई शिक्षा दिने उद्देश्यले विभिन्न संघसंस्था तथा व्यक्तिबाट छात्रवृत्ति यस शिक्षा सदनको प्रयासबाट उपलब्ध गराइएको अवगत गर्दछु ।

आनन्दकुटी विद्यापीठमा यस वर्षमा पुरानो भवनहरू भत्काई नयाँ भवनको निर्माण कार्य शुरु भइरहेको छ । आशा छ आगामी नयाँ सेसनमा विद्यार्थी संख्यामा निकै वृद्धि हुने एवं भौतिक संरचना पनि राम्रोसँग सम्पन्न हुनेछ ।

## धर्मकीर्ति बुद्ध पूजा कमिटी

**(आ.व. २०७५/२०७६ को वार्षिक प्रगति प्रतिवेदन)**

*प्रस्तुती- इन्द्रकुमार नकर्मी*

आर्थिक वर्ष २०७५/७६ को अवधि भित्र धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना गर्नुहुने गुरुमांहरूको नामावली यसरी रहेका छन् –

| क्र.सं. | गुरुमांहरूको नाम | बुद्ध पूजा | धर्मदेशना |
|---|---|---|---|
| १ | धम्मवती | - | १५ पटक |
| २ | चमेली (धम्मदिन्ना) | २ पटक | ६ पटक |
| ३ | पञ्ञावती | ६ पटक | ५ पटक |
| ४ | जवनवती | - | १ पटक |
| ५ | केशावती | ३ पटक | ५ पटक |
| ६ | खेमावती | ५ पटक | ६ पटक |
| ७ | दानवती | ३ पटक | ४ पटक |
| ८ | त्यागवती | ६ पटक | ४ पटक |
| ९ | मेत्तावती | १ पटक | ५ पटक |
| १० | इन्दावती | ३ पटक | ४ पटक |
| ११ | वीर्यवती | ६ पटक | ९ पटक |
| १२ | शुभवती | १५ पटक | ४ पटक |
| १३ | अमता | २२ पटक | ४ पटक |
| १४ | वण्णवती | ८ पटक | २ पटक |
| १५ | सुवण्णवती | ८ पटक | २ पटक |
| १६ | निर्मलञाणी | १ पटक | - |
| १७ | क्षान्तिवती | ५ पटक | २ पटक |
| १८ | प्रीतिवती | १ पटक | - |
| १९ | श्रद्धाचारी | ३ पटक | ३ पटक |

*(श्रोतः धर्मकीर्ति प्रत्रिका, वर्ष ३६, अङ्क ५-१३ र वर्ष ३७ अङ्क १-४)*

श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांको ८५ औं र ८६ औं जन्मोत्सवको साप्ताहित अभिधर्म पाठ यही आर्थिक वर्षमा मिति २०७५ श्रावण ६ - श्रावण १३ सम्म र मिति २०७६ असार २६ - श्रावण २ गतेसम्म परेको हुँदा उक्त दुवै शाप्ताहिक अभिधर्म पाठमा धर्मदेशना गर्नुहुने श्रद्धेय भिक्षु एवं गुरुजुहरूको नामावली यसरी रहेका छन्–

| क्र.सं. | भन्ते एवं गुरुमांहरूको नाम | धर्मदेशना |
|---|---|---|
| १ | भिक्षु अश्वघोष महास्थविर | १ पटक |
| २ | भिक्षु ज्ञानपूर्णिक महास्थविर | १ पटक |
| ३ | भिक्षु धर्ममूर्ति महास्थविर | २ पटक |
| ४ | सयादो उ सुजनपिय | २ पटक |
| ५ | भिक्षु बोधिज्ञान | १ पटक |
| ६ | भिक्षु कोण्डञ्ञ | २ पटक |
| ७ | भिक्षु पञ्ञासार | २ पटक |
| ८ | भिक्षु निग्रोध | २ पटक |
| ९ | भिक्षु पियदस्सी | १ पटक |
| १० | डा. नरेश बज्राचार्य | २ पटक |



Downloaded from http://www.dhamma.digital

२०७५ कार्तिक ५ गते सोमवार श्रद्धेय रत्नमञ्जरी गुरुमांको १२ औं पुण्यतिथिको उपलक्ष्यमा थाइलैण्डका २ जना भिक्षुहरू, म्यानमारका २ जना गुरुमांहरू र धर्मकीर्ति विहार र धर्मकीर्ति विहारका शाखा विहारका नेपाली गुरुमांहरू समेत गरी ३ वटा देशका भन्ते गुरुमांहरूबाट दिनभर महापरित्राण पाठ गरिएको थियो ।

हरेक पूर्णिमाको एकदिन अगाडि श्रीघः चैत्य वरिपरि सफाई अभियान सञ्चालन गर्ने, बैशाख पूर्णिमाको दिन अस्पतालमा बिरामी व्यक्तिहरूलाई बिस्कुट र फलफूल वितरण गर्ने, हरेक शनिवार निःशुल्क स्वास्थ्य शिविर आदि कार्य धर्मकीर्ति विहारको आयोजनामा सञ्चालन भइरहेका छन् ।

यस आर्थिक वर्ष अवधिमा धर्मकीर्ति विहारका सह-संस्थापिका दो. गुणवती गुरुमां (२०७५ चैत्र १४ गते, विहिवार दिवंगत हुनुभयो भने धर्मकीर्ति विहारका धर्मानुशासक भिक्षु अश्वघोष महास्थविर वि.सं. (२०७५ चैत्र २२ गते शुक्रवार) का दिन दिवंगत हुनुभयो । यसरी धर्मकीर्ति विहारले २ वटा बलिया खम्बाहरू गुमाउनु परेको एक दुःखद घटनाको रुपमा लिनु परिरहेको छ ।

धर्मकीर्ति प्रकाशनको रुपमा यस आर्थिक वर्ष भित्र धर्मकीर्ति विहारले प्रकाशन गरेका पुस्तकहरूको तालिका यसरी रहेका छन्–

| क्र. सं. | पुस्तकको नाम | लेखक, सम्पादक, अनुवादक | दाता | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १ | तीन सूत्र समूह | सम्पादकः वीर्यवती | भिक्षुणी करुणावती सहित सबै शिष्यहरू पद्मकीर्ति विहार | २०७५ साल असार पूर्णिमा |
| २ | मानव स्वभाव | लेखकः भिक्षुणी धम्मवती अनुवादकः मदनरत्न मानन्धर | बुद्धरत्न महर्जन सपरिवार टेकु, काठमाडौं | २०७५ |
| ३ | बुद्ध पूजा, परित्राण पाठ व बुद्ध शिक्षा | सं. भिक्षुणी धम्मवती | नानुदेवी स्थापित व काय् युनिक स्थापित, ज्ञानेश्वर | २०७५ असार |
| ४ | विशेष म्हं मफैबले पाठ यायगु परित्राण | सं. भिक्षुणी धम्मवती | लक्ष्मी नानी, ङत पुचः | २०७५ श्रावण |
| ५ | महासतिपट्ठान सुत्त (मूल पालि र नेपाली भावार्थ सहित) | अनुवादकः मदनरत्न मानन्धर | इन्दावती गुरुमां, धर्मकीर्ति विहार | २०७५ श्रावण |
| ६ | परित्राण (मूल पालि व निदान लिसें अर्थ नापं) | सं. मदनरत्न मानन्धर | सुवर्ण मैंया महर्जन, खुसिबुं | २०७५ कार्तिक |
| ७ | त्रिरत्न वन्दना, परित्राण पाठ र सूत्र समूह (मूल पालि तथा नेपाली अर्थ र निदान) | सं. भिक्षुणी वीर्यवती | ज्योति समूह परिवार, जमल | २०७६ वैशाख |
| ८ | धम्मवती गुरुमांया च्वसां | मूंम्ह व न्ह्यव्वःम्ह लोचनतारा तुलाधर | लोचनतारा तुलाधर, उष्णिषतारा तुलाधर, र धर्मकीर्ति पुस्तक कोष | २०७६ जेठ |

**"निदाएको व्यक्तिहरूको गाउँसमेत बाढीले बगाए झैं पुत्र, पुत्री र प्राणीहरू प्रति आसक्त भइरहने व्यक्तिहरूलाई मृत्युले बसमा पार्दछ ।" - धम्मपद**



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति बौद्ध मासिक पत्रिका

# नाफा नोक्सान हिसाव

### (आ.व. २०७५ वैशाख देखि चैत्र मसान्त सम्म)

| क्र.सं. | खर्च | रकम | क्र.सं. | खर्च | रकम |
|---|---|---|---|---|---|
| १. | कागज खर्च | ११४,५०८.०० | १ | ग्राहक शुल्क | १२०,४००.०० |
| २. | छपाई खर्च | १४६,११५.०० | २ | विज्ञापन आम्दानी | ३१,८४०.०० |
| ३ | मशलन्द खर्च | ५,१३९.०० | ३ | ब्याज प्राप्त | १२५,९४६.७३ |
| ४ | हुलाक खर्च | ९,४२६.०० | ४ | दान वा चन्दा | ४३,५१०.०० |
| ५ | ढुवानी खर्च | २,५००.०० | | | |
| ६ | कार्यालय खर्च | ५,४००.०० | | | |
| ७ | फुटकर खरिद | २,७७०.०० | | | |
| ८ | विशेष सदस्य फ्रेम | ४००.०० | | | |
| ९. | जगेडा रकम पूँजीमा सारिएको | ३५,४३८.७३ | | | |
| | जम्मा | ३२१,६९६.७३ | | जम्मा | ३२१,६९६.७३ |

## धर्मकीर्ति बौद्ध मासिक पत्रिका

# वासलात

### (आ.व. २०७५ चैत्र मसान्त सम्म)

| क्र.सं. | पूँजी तथा दायित्व | रकम | क्र.सं. | सम्पत्ती | रकम |
|---|---|---|---|---|---|
| १. | पूँजी | १,३३०,५७७.५६ | १ | नेपाल बैंक लि., कान्तिपथ | ४९,०१०.९५ |
| २ | विशेष सदस्य | १८,६०५.०० | २ | नेपाल बैंक लि., क्षेत्रपाटी | १४,५७६.२५ |
| ३ | जगेडा रकम | ३५,४३८.७३ | ३ | शुभगणपति सहकारी | १०६,१८४.४७ |
| | | | ४ | एक्सप्रेस सेभिङ्ग एण्ड को-अपरेटिप | ११३५५१.१० |
| | | | ५ | मुद्दती खाता | १,०००,०००.०० |
| | | | ६ | सि.एम.वि. फाइनान्स | ७९,४११.५२ |
| | | | ७ | कागज मौज्दात | २०,३८७.०० |
| | | | ८ | धरौटी (पो.ब.नं.) | १,५००.०० |
| | जम्मा | १,३८४,६२१.२९ | | जम्मा | १,३८४,६२१.२९ |



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन
## (आ.व. २०७५ वार्षिक प्रगति प्रतिवेदन)

*प्रस्तुती- सचिव, प्रेमलक्ष्मी तुलाधर*

| क्र. सं. | मिति | स्थान | निमन्त्रणा गर्नुहुने दाता | उपलक्ष्य | कार्यक्रमको | |
|---|---|---|---|---|---|---|
| | | | | | आम्दानी | खर्च |
| १ | २०७५ श्रावण ४ | मातातीर्थ, करुणा बौद्ध विहार | चन्द्रशीला गुरुमां | जन्मदिन | - | यातायात रु. ५,५००/- |
| २ | २०७५ श्रावण ६-१३ | धर्मकीर्ति विहार | धम्मवती गुरुमां | ८५ औं जन्मदिन | रु. ५,०००/- | |
| ३ | २०७५ श्रावण १२ | धर्मकीर्ति विहार | धम्मवती गुरुमां | गुरुपूजा + कोविद उत्तिर्णहरूलाई सम्मान | | रु. ९,४००/- |
| ४ | २०७५ श्रावण १९ | क्वाःबहाः | दुर्गादेवी डंगोल | महापरित्राण पाठ | रु. ५,०००/- | रु. २,०००/- |
| ५ | २०७५ श्रावण २८ | इचंगु गुम्बा | तासी गुरु | श्रद्धा पूजा | - | रु. ४,०००/- |
| ६ | २०७५ भाद्र २ | जमोबहाः | प्राणमाया महर्जन | मासिक बुद्ध पूजा | रु. २०००/- | - |
| ७ | २०७५ भाद्र १९ | जयमंगल विहार पाटन | अनुपमा गुरुमां | प्रव्रज्या दिन र जन्मदिन | रु. ३०००/- | उपहारको लागि रु. ५०००/- |
| ८ | २०७५ आश्विन १ | जमोबहाः | छोरी महर्जन सुलक्षणकीर्ति विहार पुचः | मासिक बुद्धपूजा | रु. २०००/- | रु. १०००/- |
| ९ | २०७५ आश्विन ३१ | जमोबहाः | प्रभावती स्थापित | मासिक बुद्धपूजा | - | रु. ५००/- |
| १० | २०७५ कार्तिक ४ | हात्तिवन | जयवती गुरुमां | प्रव्रज्या दिन + जन्मदिन | रु. ४०००/- | यातायात खर्च रु. ४०००/- |
| ११ | २०७५ कार्तिक ३० | जमोबहाः | पद्मज्योति, रुपज्योति | प्रव्रज्या दिन + जन्मदिन | - | - |
| १२ | २०७५ मंसिर २५ | तँलाक्षी | नानी छोरी प्रजापति | जन्मदिन | रु. ५०००/- | यातायात खर्च रु. ८५०/- |



Downloaded from http://www.dhamma.digital

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | २०७५ मंसिर २९ | जमोबहाः | सुवर्ण केशरी चित्रकार | मासिक बुद्धपूजा | रु. ५०००/- | रु. ५००/- |
| १४ | २०७५ पौष १४ | गोंगःबुँ | सँय्काजी महर्जन | जन्मदिन | रु. १०००/- | रु. ५००/- |
| १५ | २०७५ पौष १५ | एआरपोर्ट होटल | चमेली गुरुमां | प्रव्रज्या दिन र जन्मदिन | रु. ७०००/- | रु. ४,५००/- |
| १६ | २०७५ पौष ३० | जमोबहाः | श्याममान वज्राचार्य | मासिक बुद्धपूजा | रु. २०००/- | रु. ५००/- |
| १७ | २०७५ माघ १ | जमोबहाः | कान्छिमाया शाक्य | मासिक बुद्धपूजा | - | - |
| १८ | २०७५ फागुन ६ | धर्मकीर्ति विहार | प्रतिमा क्षेत्रपाटी पुचः | महापरित्राण पाठ | रु. ३०००/- | - |
| १९ | २०७५ फागुन २५ | बज्र होटेल पछाडि | समिका महर्जन | गुफा राखिएको | रु. २५००/- | यातायात र उपहार रु. १२००/- |
| २० | २०७५ फागुन ३० | जमोबहाः | दानकेशरी पुचः | मासिक बुद्धपूजा | रु. २०००/- | रु. ५००/- |
| २१ | २०७५चैत्र ३० | जमोबहाः | पूर्णहेरा पुचः | मासिक बुद्धपूजा | रु. २०००/- | रु. ५००/- |
| २२ | २०७६ वैशाख ९ | भोटेबहाल | सरस्वती महर्जन | जन्मदिन | रु. २५००/- | यातायात र उपहार रु. १६००/- |
| २३ | २०७५ जेठ ११ | किम्डोल विहार | धम्मविजया गुरुमां | महापरित्राण पाठ | रु. ५०००/- | यातायात रु. १५००/- |
| २४ | २०७५ जेठ २७ | जमोबहाः | लक्ष्मीनानी पुचः | मासिक बुद्धपूजा | रु. २०००/- | रु. ५००/- |
| २५ | २०७५ असार २५ | जमोबहाः | वज्रश्री परिवार | मासिक बुद्धपूजा | रु. २०००/- | रु. ५००/- |

यसबाहेक धर्मकीर्ति ज्ञानमाला भजनलाई यथाश्रद्धा चन्दा सहयोग दिई पुण्य सञ्चय गर्नुहुने दाताहरू यसरी रहेका छन्–

१) जगतलक्ष्मी ताम्राकार र ऐश्वर्य ताम्राकारबाट रु. ५०००/-

२) हरीमान रञ्जितबाट रु. २०००/-

यसवर्ष भजन मण्डलका सदस्यहरू रत्नशोभा तुलाधर र अञ्जली सिखाकार दुई जनाले तबला बजाउने शिल्प सिक्नुभएका छन् ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति ज्ञानमाला भजन

# आय व्यय विवरण

## (आ.व. २०७५ श्रावण देखि २०७६ असार सम्म)

| खर्चहरू | रकम रु. | आम्दानी | रकम रु. |
|---|---|---|---|
| यातायात तथा ज्याला | २८,१५०/- | भजनबाट प्राप्त | रु. ५५,३६०/- |
| चीयापान | ३,८१५/- | भजन सारी बिक्रि | १९,३००/- |
| भजन सामान खरिद | ३,०५०/- | भजन सि.डि. बिक्रि | १४,३५०/- |
| संवेदना खर्च | ३,४५०/- | भजन ब्याच बिक्रि | १,१२५/- |
| खादा उपहार | १,३४०/- | चन्दा प्राप्त | ११,०००/- |
| रा.ज्ञा.भ. नविकरण | ९००/- | भजन सदस्यता | ५००/- |
| भजन सारी खरिद | ८६,०२०/- | बैक ब्याज आम्दानी | ८८,५३७.४३ |
| भजन सि.डि. निर्माण | २८,९८०/- | १) बज्र ब.उ. - ३८,१००.०० | |
| चैत्य खरिद | १८,४००/- | २) एलिट व.ऋ. - ३०,२४५.४४ | |
| भजनसामान मर्मत | २,५१०/- | ३) शुभ गणपति | |
| बैंक ब्याजदर | २८२.२७ | क) मुद्दति - १४,८३८/- | |
| १) इलाइट - १८२.२७ | | ख) बचत (१) - १,३२४/- | |
| २) बज्र ब.उ. - १००.०० | | ग) बचत (२) - ४,०३०/- | |
| यस वर्षको बचत | ९४,६२५.१९ | अन्तिम मौजदात | ८१,३५०/- |
| | २,७१,५२२.४४ | | २,७१,५२२.४३ |

## आवरण चित्र परिचयको बाँकी अंश

राखेन। उसले सोच्न थाल्यो– “यो मेरो पूर्वजन्मको दुष्कर्मको फल हो। यसमा मेरो पुत्र माध्यम मात्र बनियो।” आफ्ना जीवनको अन्तिम क्षणसम्म नै उसले अजातशत्रु प्रति मैत्रीभाव नै उत्पन्न गरिरह्यो।

बिम्बिसार दृढ विपश्यी सत्पुरुष थिए। आफ्नो मन कतिपनि विचलित हुन दिएन।

**यथिंदखीलो पथविंसितो सिया**
**चतुब्धि वातेहि असम्पकम्पियो**
**तथूपमं सप्पुरिसं वदामि**
**यो अरियसच्चानि अवेच्च पस्सति**

*( - खुद्दकपाठ ६,८ रतन सुत्त )*

अर्थ- जसरी पृथ्वीमा दृढतापूर्वक गडिएको इन्द्रकील (नगरद्वारको स्तम्भ) लाई चारौंतर्फबाट आएको हावा हुरी र बतासले हल्लाउन सक्दैन, त्यसरी नै त्यस्तो प्रकारको व्यक्तिलाई मात्र मैले सत्पुरुष भन्दछु, जसले चार आर्यसत्यलाई स्पष्टरुपले साक्षात्कार गर्न सक्छ।

बिम्बिसारले पनि विपश्यना साधनाद्वारा चारवटा आर्यसत्यलाई स्पष्टरुपले साक्षात्कार गरिसकेको थियो। यही कारणले त्यस्तो मरणान्तक असह्य पीडामा पनि उसको चित्त अविचल रह्यो। समतामयी मैत्रीमा अटल रहन सक्यो। साधक धन्य भयो। ■

**“मृत्युले आक्रमण गर्ने समयमा हामीलाई आफ्नै छोरा छोरी, बाबु आमा एवं वन्धुहरूले पनि रक्षा गर्न सक्दैनन्।”**
**– धम्मपद**



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति ज्ञानमाला भजन

# वासलात

## (आ.व. २०७५ श्रावण देखि २०७६ असार सम्म)

| दायित्व | रकम | सम्पत्ति | रकम |
|---|---|---|---|
| गत वर्षको संचित कोष | ७,८०,६५२.७४ | सानो नगदि कोष | २,१००/- |
| यस वर्षको बचत | ९४,६२५.१७ | बैंक खाताहरू : | |
| | | १) बज्र ब.उ.स.सं. | ३३२,३२९.७५ |
| | | क) मुद्दति - ३,२५,०००/- | |
| | | ख) बचत - ७,३२९.७५ | |
| | | २) एलिट ब.उ.स.सं. | २,६६,८१६.९६ |
| | | क) मुद्दति - २,००,०००/- | |
| | | ख) बचत - ६६,८१६.९६ | |
| | | २) शुभ गणपति ब.ऋ.सं. | १,९१,३७४/- |
| | | क) मुद्दति - १,४४,९७४/- | |
| | | ख) बचत (१) - ४,०३०/- | |
| | | ग) बचत (२) - ४२,३९०/- | |
| | | २) कुबेर ब.ऋ.स.सं. | १,३०७.२० |
| | | अन्तिम मौजदात | ८१,३५०/- |
| | ८,७५,२७७.९१ | | ८,७५,२७७.९१ |

# चञ्चल चित्त

✍ प्रेम लक्ष्मी तुलाधर

रंग थें खः थ्व चित्त
हिलाः, फुनाः, व बुलुया वनीगु चित्त

मचाबलय् ज्वी शुद्धगु चित्त
ल्यासे ल्याय्म्ह बलेय ज्वी ल्वाकज्याःगु चित्त

ल्वचं कइबलय् ज्वी ग्याना: इतिमिति कंगु चित्त
बृद्धावस्थाय् ज्वी वयाय् थ्व याय् मदईगु चित्त

सीत्यंगु इलय् ज्वी इतःमतःकंगु चित्त
आः छुयाय् गथेयाय् धाकाः ग्यानाः आत्तेचाःगु चित्त

चिइमाःगु दु भ्कीसं थज्याःगु चित्त
बुद्ध शिक्षां शान्त याय्माःगु दु थ्व चंचलचित्त

# छःपिं थें जाःम्ह शान्तिवादी स्वंगू लोकय् गननं मखना

✍ कृष्ण किपू

एशिया महादेशया चन्द्र सूर्य स्वयाः नं थीम्ह
न्हिलाः न्हिलाः मारगणयात मैत्री भावं शान्त याय् फुम्ह

विश्व शान्तिया नायो खः छःपिं
दायत, स्यायत वःपिन्त नं लिब्वला मकाईम्ह छःपिं

प्राणी फुक्कसित शान्तिया लँपु क्यनेफुम्ह
एशिया महादेशया जक मखु विश्वय् नां जाःम्ह

ज्यानमारा अंगुलीमाल, उरुबेलया नाग आदिपिं
फुकसितं शरण बियाः तहः लगेयाय्फुम्ह छःपिं

स्वर्ग, मर्त्य, व पाताल स्वंगू लोकय् नं
मखना छःपिं थें जाःम्ह शान्तिवादी महामानव सुं नं



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
# (आ.व. २०७५/२०७६ को वार्षिक प्रगति प्रतिवेदन)

*प्रस्तुती- सचिव लोचनतारा तुलाधर*

१) यस आर्थिक वर्षमा गोष्ठीका उपाध्यक्ष श्रद्धेय इन्दावती गुरुमांको संयोजकत्वमा जम्मा ४८ वटा कक्षा सञ्चालन भएका छन् ।

२) २०७५ आश्विन १३ गते, शनिवार
गोष्ठीका अध्यक्ष भिक्षुणी धम्मवतीको ८५ औं जन्मोत्सवको उपलक्ष्यमा निम्न माध्यमिक स्तरिय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न । उक्त प्रतियोगितामा महेन्द्र सरस्वती आधारभूत विद्यालय प्रथम हुन सफल भएको थियो । यस कार्यक्रमको संयोजक सरोज मानन्धर हुनुहुन्छ ।

३) धर्मकीर्ति विहार संरक्षण कोषका उपाध्यक्ष चमेली गुरुमांको ८० वर्षिय जन्मोत्सवको उपलक्ष्यमा २०७५ पौष १५ गते आइतवार एयरपोर्ट होटलमा सञ्चालित महापरित्राण कार्यक्रममा गोष्ठीले पनि भाग लिई उपहार रकम दान गरिएको थियो ।

४) २०७५ चैत्र २५ देखि चैत्र ३० गतेसम्म रत्न विपश्यना विहार सानो भन्याङ्गमा अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या कार्यक्रम सम्पन्न । श्रामणेर र ऋषिणी गरी जम्मा ४० जना बालबालिकाहरू सहभागी भएको उक्त कार्यक्रमको संयोजक इन्दावती गुरुमां र अमीर कुमारी शाक्य हुनुहुन्छ ।

५) गोष्ठीका धम्मानुशासक संघनायक श्रद्धेय भिक्षु अश्वघोष महास्थविर २०७५ चैत्र २२ गते दिवंगत हुनुभयो । चैत्र २४ गते आइतवार उहाँको शवयात्रा कार्यक्रममा गोष्ठीका सदस्यहरू पनि सहभागी भएका थिए ।

६) २०७६ बैशाख २९ का दिन धर्मकीर्ति धम्महलमा धर्मकीर्ति विहारबाट श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको पुण्यस्मृतिमा श्रद्धाञ्जली सभाको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा गोष्ठीको तर्फबाट जलपान प्रायोजन गरिएको थियो ।

७) २०७६ जेठ ३२ गते भिक्षु अश्वघोष महास्थविरको जन्मदिनमा धर्मकीर्ति विहारमा भन्ते गुरुमांहरूलाई भोजनदान गराइएको थियो भने उक्त कार्यक्रममा गोष्ठीको तर्फबाट आमन्त्रित भन्तेहरूलाई यातायात खर्च व्यहोरेको थियो ।

८) २०७६ जेठ १८ गते, शनिवार । धर्मकीर्ति विहार, धम्महल । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ४७ औं वार्षिक भेला सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा अमृतरत्न ताम्राकारलाई “धर्मकीर्ति अश्वघोष सम्मान” प्रदान गरिएको थियो भने कीर्ति तुलाधरलाई “धर्मकीर्ति धम्मवती सम्मान” प्रदान गरिएको थियो ।
सोही कार्यक्रममा श्रद्धेय धम्मवती गुरुमांले वि.सं. २०२५ साल देखि लेख्नु भएको एघारवटा पुस्तकहरूलाई संगाली एउटै पुस्तकको रुप दिई “धम्मवती गुरुमांया च्वसां” नामाकरण गरिएको पुस्तक विमोचन गरियो । यस कार्यक्रमको संयोजक उर्मीला तुलाधर हुनुहुन्छ ।

९) २०७६ असार ३१ मंगलवार, गुरुपुन्ही । धर्मकीर्ति विहार, धम्महल ।
श्रद्धेय धम्मवती गुरुमां प्रमुख विहारका सबै गुरुमांहरूलाई गोष्ठीका सदस्यहरूले सामूहिक रुपमा दान प्रदान गरी गुरु पूजा गरिएको थियो । यस कार्यक्रमको संयोजक रामकुमारी मानन्धर हुनुहुन्छ ।

१०) दुई वर्ष अगाडि देखि सञ्चालन गर्दै आइरहेको युवा वर्गहरूलाई लक्षित गरी आयोजना गरिएको कार्यक्रम Buddhism for Youth कक्षामा सबभन्दा बढी कक्षा लिनुहुने श्रद्धेय वीर्यवती गुरुमां हुनुहुन्छ ।

यसपाली देखि युवावर्गलाई नयाँ ढंगले तालिम दिई विभिन्न विहारहरूको भ्रमण अवलोकन गराउने लक्ष राखिएको छ । उक्त लक्ष अनुसार २०७६ साल असार २८ गते, शनिवार Inner Works को अफिसमा गोष्ठीका संस्थापक सदस्य वरदेश मानन्धरले Positive Living and Enovational Master विषयमा एकदिने प्रशिक्षण दिनुभएको थियो । त्यसपछि Review र Workshop भएको थियो ।



Downloaded from http://www.dhamma.digital

## निर्वाणमूर्ति विहार, किम्डोल
## (आ.व. २०७५/२०७६ को प्रगति प्रतिवेदन)

*२०७६ आश्विन ११ गते*

*प्रस्तुती- सचिव अमृतमान ताम्राकार*

गत आर्थिक वर्षभरिमा विहारमा सम्पन्न विविध कार्यक्रम तथा प्रगतिको क्रमबद्ध सम्झना निम्नानुसार रहेको छ ।

१) विहारका संस्थापक श्रद्धेय धर्मचारी गुरुमां दिवंगत हुनुभएको पुण्यतिथिसँग मिलाई प्रत्येक महिनाको कृष्ण पक्ष त्रयोदशीका दिन विगत साढे दुई दशक देखि सञ्चालन गरी आएको मासिक बुद्धपूजा तथा भोजन दान कार्यक्रम अविछिन्न रुपमा सम्पन्न भयो ।

२) विहारको वार्षिक कार्यसूचीमा रहेका अन्य कार्यक्रमहरू मध्ये प्रत्येक महिनाको ७ गते आनन्दकुटी विहारका भिक्षुमहासंघलाई विहारमा निमन्त्रणा गरी गरिने संघदान, जेष्ठ पूर्णिमाको मध्यरातमा महासमय सुत्तपाठ, बालाचर्तुदशीका दिन दिनभरि मेत्त सुत्त पाठ, जलपान तथा भोजन दान आदि विहारको नियमित कार्यक्रम विगतमा झैं सम्पन्न भयो ।

३) पूजाको सिलसिलामा विगत १५ वर्षदेखि पूज्य भिक्षुणी धम्मवती गुरुमांको शुभजन्मोत्सवको उपलक्ष्यमा गुरुमांको सुस्वास्थ्य एवं आयुआरोग्यको कामना गरी २०७६ भाद्र ५ गते देखि ७ गतेसम्म ३ दिन लगातार पट्ठान पालिको पाठ, धर्मदेशना, ज्ञानमाला, भजन तथा जलपान भोजनदानको कार्यक्रम सम्पन्न गरियो । नेपालमा दुर्लभ पट्ठान पालि श्रवण गर्न प्रत्येक दिन २०० देखि ३०० जना उपासकोपासिकाहरूको सहभागिता थियो ।

४) बुद्धशिक्षाको प्रचारप्रसार हेतु यस निर्वाणमूर्ति बौद्ध परियत्ति शिक्षा केन्द्रबाट २०७५ सालको परियत्ति परिक्षामा सामेल भई उत्तिर्ण ३१ जना परिक्षार्थीहरूलाई जेष्ठ १८ गते पुरस्कार सहित प्रमाणपत्र प्रदान गरियो ।

५) विगत वर्षहरू झैं २०७६ श्रावण महिनाको येयाँः पूर्णिमाको दिन वर्षावास सं. ५० वर्ष पुरा गरिसक्नु भएका ७ जना श्रद्धेय महाथेरी गुरुमांहरू प्रति श्रद्धा सम्मान हेतु महाथेरी पूजा सम्पन्न भयो ।

६) वि.सं. २०६९ बाट प्रत्येक नयाँवर्षको शुरुवातमा पवित्र महापरित्राण पाठको आयोजना गर्ने क्रममा २०७६ सालको जेष्ठ ११ गते भिक्षु महासंघबाट महापरित्राण पाठ सम्पन्न गरियो ।

७) विगत केही वर्ष देखि सम्पन्न हुन नसकेको निर्वाणमूर्ति विहारको साधारण सभा २०७५ श्रावण १९ गते सम्पन्न भई नयाँ कार्यसमितिको गठन एवं साविकको विधान संशोधन प्रस्ताव स्वीकृत भयो । साथै साविक बमोजिम प्रत्येक महिनाको २ गते कार्यसमतिको बैठक बस्नेछ भनी निर्णय पनि भयो ।

८) गत २०७५ भाद्र १८ गते सेप्टेम्वर ३, २०१८ का दिन होटल हिमालयमा श्रद्धेय भिक्षुसंघ, लामा गुरु, महामहिम राजदूतहरू एवं बौद्ध विद्वानहरू गरी करिव २०० जनाका सहभागितामा “One Day International Seminar on How to Unify Buddhists in 21st Century” सम्पन्न भयो ।

९) यस विहारमा सक्रिय महिला समूहको (मिसापुचः) को पहलमा बु.सं. २५६२ मा आनन्दकुटी विहारमा वर्षावास बस्नु भएका श्रद्धेय भन्तेहरूलाई कठिन चीवरदान प्रदान गर्न आयोजित कठिन उत्सवको जिम्मा लिई सो समारोहको सम्पूर्ण खर्च प्रायोजन गरियो । यही समूहबाट प्रत्येक महिनाको एक पटक उपत्यकाका विभिन्न विहारहरूमा गई संघदान गर्ने काम भइरहेको छ ।

१०) गत आ.व.मा निर्धारित कार्यक्रम अनुसार अलि कठिन अवस्थामा रहेका विहारहरूको अवलोकन भ्रमण गर्ने योजना अनुरुप धुलिखेलको शिखलापुर विहारमा गई भोजन दान तथा चन्दा प्रदान गर्ने काम सम्पन्न भएको छ भने उक्त विहारको माष्टर प्लान तयार भएपछि विहारका उपासक उपासिकाहरूको तर्फबाट निर्माण कार्यमा विशेष सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरि आउनु भएको छ ।

## पद्मकीर्ति विहार, कमलपोखरी
## (आ.व. २०७५/२०७६ को प्रगति प्रतिवेदन)

*प्रस्तुती- ध्यानवती गुरुमां*

गतवर्ष २०७५ साल वैशाख नयाँ वर्षको प्रारम्भमा कमल पोखरी देखि लाजिम्पाटसम्म भिक्षाटन कार्यक्रम सम्पन्न भयो ।

विहारमा आउनुहुने श्रद्धालु उपासक उपासिकाहरूको



Downloaded from http://www.dhamma.digital

अनुरोधमा उपत्यका बाहिर पूजा तथा धार्मिक भ्रमणको सिलसिलामा दुई दिने दोलखा कालिन्चोक अध्ययन भ्रमण आयोजना सम्पन्न भयो ।

वार्षिक बुद्ध जयन्ती जेष्ठ महिनामा परेको हुनाले साप्ताहिक रुपमा विधि कार्यक्रम गरि वैशाख पूर्णिमा मनाइयो । यस अन्तर्गत धार्मिक प्रवचन संघदान ज्ञानमाला भजन सामूहिक क्षीर भोजन तथा बयोवृद्धाहरूलाई खाद्य, लत्ताकपडा प्रदान गरि बुद्ध पूर्णिमा सम्पन्न भयो ।

बुद्ध सम्वत् २५६२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा पद्मकीर्ति विहारको आयोजनामा मैत्रेय बोधि होम केयर तथा क्लिनिकसँगको सहकार्यमा स्वास्थ्य शिविर सञ्चालन गरियो ।

यस विहारको वार्षिक गतिविधि अन्तर्गत तीन महिने वर्षावास तथा गुँला पर्वमा हरेक शनिवार ज्ञानमाला, बुद्ध पूजा उपदेश सूत्र पाठ कार्यक्रमहरू गरियो । साथै ती कार्यक्रमहरूमा बौद्ध च्यानल बोधि टि.भि.बाट छाँयाङ्कन गरि प्रशारण गरियो ।

यस विहारका संस्थापिका श्रद्धेय कमला गुरुमांको दोस्रो वार्षिक पुण्य तिथि २०७६ माघ ५ गते शनिवार गुरुमांको गुणस्मरण गरि संघ भोजन दान सामुहिक पत्रिाण तथा दान प्रदान गरि विहार परिवारबाट श्रद्धाञ्जली अर्पण गरियो ।

वि.सं. २०७६ माघ ७ गते देखि २२ गतेसम्म थाईल्याण्ड बर्मा बौद्ध देश तीर्थयात्रा आयोजना सम्पन्न भयो ।

नियमित विहारको कार्यक्रमहरू पहिलो शनिवारको विशेष कार्यक्रम र अन्य शनिवारमा पनि बुद्ध पूजा ज्ञानमाला भजन उपदेश, परित्राण पाठ, भोजनदान कार्यहरू सुचारु रुपमा सञ्चालन हुँदै आइरहेको छ ।

विहारको अतिरिक्त क्रियाकलापहरू मध्ये ऋषिणी प्रव्रज्या ध्यान कार्यहरू भइरहन्छन् ।

## सुलक्षणकीर्ति विहार
## (आ.व. २०७५/२०७६ को प्रगति प्रतिवेदन)

*प्रस्तुती- विहार प्रमुख डा. भिक्षुणी अनोजा*

१) महिनाको दुई पटक आउने प्रतिपदा (पूर्णिमा पछि र औँशी पछि) तिथिका दिन बुद्ध पूजा र धर्मदेशना कार्यक्रम निरन्तर सञ्चालन ।

२) २०७५ साल श्रावण १६ गते-
सुलक्षणकीर्ति विहार, चोभारबाट असहाय बालबालिकाहरूलाई आर्थिक सहयोग ।

३) २०७५ भाद्र ४ गते-
सुलक्षणकीर्ति विहार चोभारबाट धुम्बाः बुद्ध विहारमा बुद्धपूजा र धर्मदेशना कार्यक्रम सम्पन्न ।

४) २०७५ भाद्र ७ गते-
सानेपामा बुद्धपूजा र धर्मदेशनामा कार्यक्रम सम्पन्न ।

### विहारमा सञ्चालित कार्यक्रमहरू

५) २०७५ आश्विन १० गते-
निःशुल्क स्वास्थ्य शिविर सञ्चालन
स्वास्थ्य शिविरमा लाभान्वित व्यक्ति संख्या- महिला र पुरुष गरी जम्माः २०० जना ।

६) २०७५ आश्विन २२ गते-
निःशुल्क स्वास्थ्य शिविर सञ्चालन

७) २०७५ कार्तिक ८ गते देखि मंसिर ८ गतेसम्म -
बुद्ध पूजा र धर्मदेशना

८) २०७५ मंसिर २२ गते-
स्वास्थ्य शिविर सञ्चालन

९) २०७५ पौष १४ गते- राष्ट्रिय ज्ञानमाला भजन खलःको साधारण सभा सम्पन्न ।

१०) २०७५ पौष २२ गते-
"डा. अनोजा गुरुमांको जीवनी" पुस्तक (नेपालभाषामा) विमोचन

११) २०७५ पौष २८ गते-
विभिन्न परियत्ति केन्द्रका विद्यार्थीहरू बिच वक्तृत्वकला प्रतियोगिता कार्यक्रम सञ्चालन र पुरस्कार वितरण कार्यक्रम

१२) २०७५ माघ ८ गते-
सुलक्षणकीर्ति विहारको मातापितृ स्मृति कोषको तर्फबाट वरिष्ठ उपासक कान्छा महर्जनलाई सम्मान ।

१३) २०७५ माघ २२ गते-
निशुल्क स्वास्थ शिविर

१४) २०७५ फागुन ८ गते र २३ गते-
निशुल्क स्वास्थ्य शिविर



Downloaded from http://www.dhamma.digital

१५) २०७५ फागुन २४ गते देखि चैत्र १ गते सम्म जापानी गुरु इसियाङ्गबाट जापानी नाइकन ध्यान शिविर सम्पन्न

१६) २०७५ चैत्र २३ गते-
वर्मी गुरुमां दो. गुणवतीको पुण्यस्मृतिमा श्रद्धाञ्जली कार्यक्रम र निःशुल्क स्वास्थ्य शिविर सम्पन्न

१७) २०७६ वैशाख १ गते-
हुम्लाका ८ जना बालिकाहरूलाई ऋषिणी प्रव्रज्या कार्यक्रम सम्पन्न ।

१८) २०७६ वैशाख ७ गते-
दिवंगत भिक्षु अश्वघोष महास्थविर भन्तेको पुण्यस्मृतिमा श्रद्धाञ्जली कार्यक्रम सम्पन्न ।

परियत्ति शिक्षामा उत्तिर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण ।

१९) २०७६ वैशाख १० गते-
मलेशियन उपासकोपासिकाहरूलाई स्वागत ।

२०) २०७६ वैशाख २२ गते-
बुद्धपूजा, धर्मदेशना र निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम सम्पन्न ।

२१) २०७६ वैशाख २७ गते-
भियतनाममा सञ्चालित सेमिनारमा सहभागी हुन गएको

२२) २०७६ वैशाख २९ गते-
विहारबाट श्री नगरमण्डप श्रीकीर्ति विहरामा बुद्धपूजा र धर्मदेशना कार्यक्रम सुसम्पन्न ।

२३) २०७६ जेठ २ गते-
लुम्बिनीमा बैशाख पूर्णिमाको उपलक्ष्यमा उपासकोपासिकाहरूका साथ बुद्धपूजा र अहोरात्री अभिधर्म पाठ सम्पन्न ।

२४) २०७६ जेठ ९ गते देखि १६ गतेसम्म
विहारमा जापानी प्रख्यात नाईकान ध्यान शिविर सम्पन्न ।

२५) २०७६ जेठ २१ गते-
विहारमा बुद्धपूजा, धर्मदेशना र निःशुल्क स्वास्थ्य शिविर सम्पन्न ।

२६) २०७६ जेठ २५ गते-
अक्षेश्वर विहारमा सञ्चालित मनोस्तिक सेमिनारमा सहभागी हुन गएको ।

२७) वि.सं. २०७६ आषाढ १ गते-
नेपालगञ्जमा बुद्ध शिक्षा प्रचारार्थ बुद्धपूजा र धर्मदेशना कार्यक्रम सम्पन्न ।

२८) वि.सं. २००६ आषाढ १८ गते-
विहारमा बुद्धपूजा, धर्मदेशना र निःशुल्क स्वास्थ्य शिविर सम्पन्न ।

२९) वि.सं. २०७६ आषाढ २४ गते-
सशस्त्र प्रहरी बल चोभारको कार्यालयमा बुद्धपूजा र धर्मदेशना कार्यक्रम सम्पन्न ।

## वसुन्धरा धर्मकीर्ति विहार, वसुन्धरा
## (आ.व. २०७५/२०७६ को प्रगति प्रतिवेदन)

*प्रस्तुती- भिक्षुणी कुसुम गुरुमां*

१) दैनिक कार्यक्रम - बुद्धपूजा, ध्यान ।
२) प्रत्येक महिनाको तृतीया तिथि दुईपटक बुद्ध पूजा र धर्मदेशना कार्यक्रम, परित्राणपाठ, भोजन दान र जलपान दान ।
३) गुँला पर्वको एक महिनाको दिनहुँ धर्मदेशना ।
४) ध्यान शिविर सञ्चालन ।
५) बाल ध्यान शिविर सञ्चालन ।
६) ऋषिणी प्रव्रज्या ।
७) बाल ऋषिणी प्रव्रज्या ।
८) बौद्ध परियत्ति शिक्षा कक्षा सञ्चालन ।
९) उपासकोपासिकाहरूलाई लुम्बिनी लगायत अन्य विभिन्न बौद्ध धार्मिक स्थानहरूको अध्ययन भ्रमण गराइएको ।
१०) विहारमा रङ्ग रोगन लगायत मर्मत सम्भार कार्य अन्तरगत पर्खालमा सिमेन्ट प्लाष्टर गर्ने कार्य सम्पन्न ।

**"यहाँ वर्षकालमा वस्छु, यहाँ हेमन्त ऋतुमा वस्छु आदि भनी मूर्खजनले कल्पनायुक्त योजना बनाएर राख्छन्। तर वीचमा नै मृत्यु भय आउने कुरा उसलाई थाहा हुँदैन ।" - धम्मपद**

**"त्यसैले हे पण्डित जन हो ! समयमा नै शीलवान् बनी निर्वाण तर्फ लग्ने मार्गलाई प्राप्त गर्न कोशिस गर ।" - धम्मपद**



Downloaded from http://www.dhamma.digital

# शस्त्र परित्याग दिवस

सम्राट अशोकले शस्त्र परित्याग गरी निःशस्त्रीकरण अभियान शुरुवाट गर्नुभएको कार्यलाई अनुमोदन गर्दै विभिन्न समूहले २२८१ औं शस्त्र परित्याग दिवस मनाइएको समाचार प्राप्त भएको छ ।

१) २०७६ असोज ११ गते, गणमहाविहार ।

यसदिन थेरवाद बौद्ध दायक केन्द्रिय परिषदको आयोजनामा गणमहाविहारमा २२८१ औं शस्त्र परित्याग दिवस मनाइएको समाचार छ । काठमाडौं महानगरपालिकाका उप-मेयर श्रीमती हरीप्रभा श्रेष्ठ, खड्गीज्यूको प्रमुख अतिथित्वमा र भिक्षु शोभित महास्थविरको विशेष अतिथित्वमा सञ्चालित उक्त कार्यक्रममा परिषदका उपाध्यक्ष कृष्णकुमार प्रजापतिले स्वागत मन्तव्य प्रस्तुत गर्नु भएको थियो । भिक्षु सोभितले पञ्चशील प्रार्थना गराउनु भएको उक्त कार्यक्रमको उद्घाटन प्रमुख अतिथिज्यू विशेष अतिथिज्यू र परिषदका अध्यक्ष बखतबहादुर चित्रकारज्यूले संयुक्तरुपमा दीप प्रज्ज्वल गरी गर्नुभएका थिए ।

प्रा. बालकृष्ण श्रेष्ठ, प्रा. सुवर्ण शाक्य, स्वामी धर्म, सिद्धार्थ गौतम, लोकबहादुर शाक्य भिक्षु सोभित आदि वक्ताहरूले सम्राट अशोक र विजया दशमीको ऐतिहासिक विवेचना गर्नुहुँदै आ-आफ्नो मन्तव्य प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा शान्त रत्न शाक्यज्यूले नेपालभाषामा रचित सम्राट अशोकको जीवनी सम्वन्धित कविता वाचन गर्नुभएको थियो ।

प्रमुख अतिथि हरीप्रभा खड्की श्रेष्ठज्यूले शान्तिका महानायक भगवान् बुद्ध जन्मनुभएको देश सुहाउँदो सँस्कार अपनाउन आग्रह गर्नुहुँदै यस्तो कार्यक्रमबाट प्रेरणा लिँदै अहिंसात्मक धार्मिक क्रियाकलापलाई काठमाडौं नगर पालिकाबाट नै शुरु गर्नुपर्ने धारणा व्यक्त गर्नुभएको कुरा प्राप्त समाचारमा उल्लेख गरिएको छ । बौद्ध विद्वान डा. लक्ष्मण शाक्यले कार्यक्रममा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा कार्यक्रमका सभापति बखत बहादुर चित्रकारज्यूले सम्राट अशोकले कलिङ्ग युद्धमा शस्त्र परित्याग गरी निशस्त्रीकरण अभियानको सुत्राधार बन्नुभएको ऐतिहासिक घटनाको संस्मरण गरी यसपाली दशदिन अघि नै यस कार्यक्रम सञ्चालन गरिएको विषयमा चर्चा गर्नुहुँदै देवी देवताको नाममा बलि हिसाको रोकथाम गरियोस् भनी सम्मानित सर्वोच्च अदालतमा मुद्धा दायर गरिएको व्यहोरा पनि अवगत गराउनु भएको थियो ।

अन्त्यमा प्रमुख अतिथि हरीप्रभाज्यूलाई भिक्षु सोभितले सम्झनाको चीनोको रुपमा “शान्तिको प्रतिमूर्ति” भगवान् बुद्धको मूर्ति प्रदान गर्नुभएको थियो ।

२) २०७६ अशोज २१ गते, नगदेश बुद्ध विहार

नगदेश बौद्ध समूहको आयोजनामा “महान विजया दशमी” को दिन सम्राट अशोकले शस्त्र परित्याग गरी निःशस्त्रीकरण अभियानको सूत्रधार हुनुभएको विषयमा गुणानुस्मरण गरी २२८१ औं शस्त्रपरित्याग दिवस कार्यक्रम सञ्चालन गरिएको समाचार छ ।

प्रमुख अतिथि श्रद्धेय थाई भिक्षु मित्र महास्थविरबाट पञ्चशील प्रार्थना गराइएको उक्त कार्यक्रम समूहका अध्यक्ष दीपकराज सापालको अध्यक्षतामा सञ्चालन गरिएको थियो । समूहका कोषाध्यक्ष रत्नभक्त हाँय्जुले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा चम्पावती गुरुमांले सम्राट अशोकको जीवनी प्रस्तुत गर्नुभएको थियो । समूहका सचिव उपासक कृष्णकुमार प्रजापतिले सम्राट अशोकबाट बुद्ध शासनिक कार्यमा पुऱ्याउनु भएको अविष्मरणिय कार्य र योगदान विषयमा चर्चा गर्नुहुँदै कलिङ्ग युद्धपछि श्रामणेर निग्रोधबाट धर्मोपदेश सुनी बुद्ध शासनिक क्षेत्रमा प्रवेश गरी अहिंसाको मार्गमा लाग्नु भएको र निशस्त्रीकरण अभियानको सूत्रधार हुनुभएको विषयमा पनि विश्लेषण गर्नुभएको थियो । त्यतिमात्र होइन भगवान् बुद्धको शिक्षा विश्वमा फैलाउने कार्य स्वरुप विभिन्न देश प्रदेशमा धर्म प्रचारक दूत, श्रद्धेय भिक्षु संघ पठाउनु भएको, देश विदेशमा धर्म प्रचारार्थ शिलास्तम्भ खडा गर्नुभएको, राज्याभिषेक भएको बिसौं वर्षमा बुद्ध जन्मभूमि लुम्बिनीमा अशोक स्तम्भ ठडाउनु भएको, ऐतिहासिक प्रमाण हालसम्म पनि जाहेर नै भएको, आदि विषयमा चर्चा गर्नुहुँदै कार्यक्रममा उपस्थित हुनुभएका सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

अन्त्यमा सभाध्यक्ष दीपकराज साँपालले आफ्नो मन्तव्य सहित सभा विसर्जन गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

## श्रामणेरी प्रव्रज्या कार्य सम्पन्न

*२०७६ आश्विन २६ गते, नगदेश बुद्ध विहार*

यस विहारमा ६ महिना देखि ऋषिणी भई प्रव्रजित जीवन यापन गरिरहनु भएका कर्णाली प्रदेश हुम्ला जिल्लाका सुश्री शिरिष कार्की र एलिशा फडेरालाई नगदेश बुद्ध विहारमा वर्षावास अधिष्ठान गरिरहनु भएका श्रद्धेय भिक्षु खनोङ्ग महास्थविरबाट थेरवादी परम्परा अनुसार पञ्चशील, अष्टशील प्रार्थना गराउनुभई गुरुमां प्रव्रज्या गराउने कार्य सम्पन्न गरिएको समाचार छ । सो कार्यक्रम श्रद्धेय भिक्षुणी केशावती गुरुमां र गौतमी गुरुमांको विशेष पहलमा सम्पन्न भएको थियो ।

प्रव्रजित गुरुमां जीवनमा प्रवेश गर्नुभएका उहाँहरूको थेरवादी परम्परानुसार प्रियावती गुरुमां र सुप्रियावती गुरुमां भनी नामाकरण गरी नगदेश बुद्ध विहारको हाताभित्र उहाँहरूलाई भिक्षा दान गरिएको थियो ।



## शिखलापूर विहारे ज्ञानमाला भजन

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

ने.सं. ११३९ ञलाथ्व नवमी कुन्हु धुलिखेल स्थित शिखलापूर विहारे पञ्ञावती गुरुमांया संयोजकत्वय् धर्मकीर्ति ज्ञानमाला भजन पाखें बुद्ध पूजा व ज्ञानमाला भजन ज्याभ्वः न्ह्याकूगु खः ।

शिखलापूर विहारया नायो भिक्षु अस्सजित पाखें बुद्धपूजा ज्याभ्वः न्ह्याका बिज्यासे धर्मदेशना यानाबिज्याःगु उगु ज्याभ्वले ८२ म्ह उपासक उपासिकापिसं ब्वति काःगु खःसा विहारे जलपान व भोजनया प्रबन्ध नं जूगु खः ।

चन्द्रेश्वरी, शान्तिवन व नाला करुणामय आदि थासय् भ्रमण याःगु उगु ज्याभ्वःया आय-व्यय विवरण–

- थुकथं खः – आय - रु. ५६,८००/-
  कूल खर्च – रु. ५१,५००/-
- खर्च विवरण (खाना रु. २५,२५० + बस खर्च रु. २४,०००/-
- विविध रु. २,२५०/-)
- बाँकी रकम रु. ५,३००/- (भजनयात माःगु सामान न्याय्गु)

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



**दि. प्रेमबहादुर ताम्राकार**



**दि. तारा शोभा तुलाधर**

*जन्मः* ने.सं. १०६३, वि.सं. १९९९ मंसिर १० बुद्धवार
*दिवंगतः* ने.सं. ११३९, वि.सं. २०७६ श्रावण २९ बुद्धवार

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलःया दुजःपिं सुनीता (नानु) ताम्राकारया जहान दि. प्रेमबहादुर ताम्राकार व शीला तुलाधरया मां दि. तारा शोभा तुलाधरया सुगति व निर्वाण कामना यासें वय्कःपिनि पुण्य स्मृतिस पुण्यानुमोदन यानाच्वना ।

थुगु दुखद् घडी वय्कःपिनि जहान छ्येंजः पिसं संसारया अनित्य स्वभावयात थ्वीकाः धैर्य धारण याय्फय् मा धकाः आशिका नं यानाच्वना ।

**धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः**
**धर्मकीर्ति विहार श्रीघः नघः यँ**



Downloaded from http://www.dhamma.digital

# रत्नमञ्जरी गुरुमांको तेर्‍हौं पुण्य तिथि सम्पन्न



*२०७६ आश्विन २४ गते, शुक्रवार*
*स्थान- धर्मकीर्ति विहार, धम्महल*

**१) महापरित्राण पाठ –**


यसदिन वरिष्ठ आचार्य रत्नमञ्जरी गुरुमांको पुण्य स्मृतिमा भिक्षु एवं भिक्षुणी गुरुमांहरूको तर्फबाट दिनभर महापरित्राण पाठ गरिएको थियो। धर्मकीर्ति विहारको आयोजना एवं भिक्षुणी धम्मवती गुरुमांको निर्देशनमा सञ्चालित उक्त कार्यक्रममा पुलांपुचः ध.की. र धर्मकीर्ति विहारले कार्यक्रममा उपस्थित भन्ते गुरुमांहरू लगायत उपासकोपासिकाहरूलाई भोजन, जलपान प्रायोजन गर्नुभएका थिए। यसरी नै रत्नमञ्जरी गुरुमां कोषबाट दान प्रदान एवं अन्य आवश्यक खर्च ब्यहोरिएको थियो।

**२) महापरित्राण पाठ गर्नुहुने भन्ते गुरुमांहरूको तालिका**

| क्र.सं. | पाठ | पाठ गर्नुहुने भन्ते गुरुमांहरू |
|---|---|---|
| १. | सामूहिक पाठ | सबै गुरुमांहरू |
| २. | शरणागमण - मेत्त सुत्त | पञ्ञावती, क्षान्तिवती |
| ३. | खन्ध सुत्त - धजग्ग सुत्त | अनोजा, सुनन्दावती |
| ४. | महाकस्सपत्थर बोज्झङ्ग सुत्त - चुन्दत्थेर सुत्त | अनुपमा, इन्दावती |
| ५. | गिरिमानन्द सुत्र - इसिगिलि सुत्त | कुसुम, प्रीतिवती |
| ६. | धम्मचक्कप्पवत्तन सुत्त | भिक्षु मित्र, भिक्षु खनङ्ग |
| ७. | महासमय सुत्तं) | धम्मविजया सुमना |
| ८. | आलवक सुत्त -कसिभारद्वाज सुत्त | जयवती वीर्यवती |
| ९. | पराभव सुत्त - वसल सुत्त | खेमावती, श्रद्धावती |
| १०. | सच्चविभंग सुत्त | केसावती, त्यागवती |
| ११. | आटानाटिय सुत्त (क) | दानवती, मेत्तावती |
| १२. | आटानाटिय सुत्त (ख) | करुणावती, ध्यानवती, वण्णवती, सुवण्णवती |
| १३. | सामूहिक पाठ | सबै गुरुमांहरू |

कार्यक्रमको अन्त्यमा दि. रत्नमञ्जरी गुरुमांको पुण्यस्मृतिमा उहाँको सुगति एवं निर्वाण कामना गरी पुण्यानुमोदन गरिएको थियो।

Downloaded from http://www.dhamma.digital




सामूहिक महापरित्राण पाठ गर्नुहुँदै धम्मवती गुरुमां प्रमुख अन्य गुरुमांहरू



धम्मचक्कप्पवत्तन सूत्र पाठ गर्नुहुँदै थाई भन्तेहरू



योगाम्वर गुठीका कार्यकर्ताहरू महापरित्राण पाठ श्रवण गर्नुहुँदै

**३) योगाम्बर गुठीका सदस्यहरूलाई सम्मान**

यसदिन योगाम्वर गुठीका सदस्यहरू (कार्यकर्ताहरू) लाई धम्मवती गुरुमांबाट सम्मान गरिएको थियो । स्मरणिय छ उक्त गुठीले दिवंगत हुनुभएका भन्ते गुरुमांहरूको अन्त्येष्ठी कार्य श्रद्धा पूर्वक गर्दै पुण्य सञ्चय गरिरहनु भएको कार्य सराहनिय रहेको छ ।

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



साभार: बुद्ध जीवन चित्रावली - आचार्य सत्यनारायण गोयन्का

कारागारमा रहेका बिम्बिसारलाई नाऊले पाइताला चिरी
बलिरहेको कोइलाको रापमा ताप्न लगाउँदै ।

वर्ष-३७; अङ्क-७ बु.सं. २५६३, सकिमना पुन्हि

Downloaded from http://www.dhamma.digital

*आवरण चित्र परिचय*

# सत्पुरुष बिम्बिसार

*लेखक*- **कल्याण मित्र सत्यनारायण गोयन्का**
*अनुवाद*- **भिक्षुणी वीर्यवती**

देवदत्तले ऋद्धिबल प्रदर्शन गर्दै राजकुमार अजातशत्रुलाई वशमा लिन सफल भयो। उसको मुख्य उद्देश्य भगवान् बुद्धलाई हत्या गरी आफू विशाल भिक्षुसंघको गणाचार्य बन्नु थियो। परन्तु यो सम्भव थिएन। किनभने राजा बिम्बिसार भगवान् बुद्धको अटल भक्त थियो। त्यसैले उसले राजा बिम्बिसारलाई नै मार्ने षडयन्त्र रच्यो। उसले अजातशतुलाई वशीभूत पारी सम्झाउन थाल्यो–

"तिम्रा बुबा (राजा बिम्बिसार)को आयु कति लामो रहेको छ हामीलाई थाहा छैन। जब उ दिवंगत हुन्छ, त्यतिञ्जेल तिमी बृद्ध भइसक्ने छौ। त्यस्तो ढलिसकेको उमेरमा तिमीले कति नै राज्य सुख भोग्न पाउने छौ ? त्यसैले अहिले नै तिम्रो बुबालाई हत्या गरी राज्य हातपार्ने कोशिस गर्नु।"

अजातशत्रुले यो सल्लाहलाई स्वीकाऱ्यो। मध्य रात्रीको समय, उसले आफ्ना बुबालाई हत्या गर्नको लागि छुरा शरीर भित्र लुकाई राजा बिम्बिसारको सयनकक्षमा जान खोजेको अवस्थामा उ पक्राउमा पऱ्यो। राज्य नियमानुसार उसलाई मृत्यु दण्ड दिनुपर्ने थियो। तर उनका बुबा (राजा बिम्बिसार)को मनमा पुत्र वात्सल्यभाव उर्लियो। त्यसैले राजाले दोषी अजातशतुलाई मुक्त गरिदियो।

त्यसपछि बिम्बिसारले उसको यौवनावस्थामा उसको बुबाले राज्यभार उसैलाई (बिम्बिसारलाई) सुम्पी अवकाश ग्रहण गरेको कुरा सम्झन थाल्यो। उसले पनि यही कार्य गर्न उचित ठान्यो। त्यसैले उसले अजातशत्रुलाई राजगद्दी सुम्पेर अवकाश ग्रहण गरे।

त्यसपछि राजा बिम्बिसारका राजभक्त जनताहरूसँग सम्बन्ध विच्छेद गराउन र जनविद्रोहको आशंका र भय हटाउनका लागि देवदत्तले बिम्बिसारलाई कारागारमा राख्न अजातशत्रुलाई दुषित सल्लाह दिए। अजातशत्रुले देवदत्तको सल्लाह शिरोपर गरे। त्यतिमात्र होइन उसले आफ्नो बुबाको हत्या गर्ने षडयन्त्र रच्यो। बिम्बिसारलाई निराहार राखी खत्तम पार्ने योजना बनायो। कारागारमा उसलाई भोजन नदिन आदेश दिए।

आफ्ना श्रीमान्‌लाई भोकै राखी मार्न लागेको कुरा थाहा पाएकी अजातशत्रुकी माता कोशलदेवीले बिम्बिसारलाई खाना खुवाउन उनी आफैं खाना लिएर कारागार गइन्। जब उनीलाई यस कार्य गर्न रोक लगाइयो, तब उनीले आफ्नो कपालको जुरो भित्र खाना लुकाई कारागार जाने गरिन्। यसको सुइँको पाउने वित्तिकै उनीलाई यस कार्यमा पनि रोक लगाइयो। तब उनीले आफ्ना श्रीमान्‌लाई खाना खुवाउनको लागि जुत्तामुनि खाना लुकाई कारागार जाने गरिन्। यस कार्यमा पनि रोक लगाइयो। त्यसपछि केही सीप नलागी उनीले आफ्नो जीऊमा (शरीरमा) मह दलेर गई बिम्बिसारलाई उक्त मह चाट्न लगाई भोक मेटाउन सहयोग गरिन्। तर जब यस कार्यको पनि जानकारी पाइयो, तब उनीलाई कारागार जान नपाउने गरी प्रतिबन्ध लगाइयो।

बिम्बिसार विपश्यी साधक थिए। उसले विपश्यना ध्यान गर्दै चंक्रमण गर्थे कारागार भित्र। यसरी भोकले छटपटाउने रोगको सामना गर्न थाले। ध्यानबाट प्राप्त भएको प्रीति सुखले उसलाई स्वस्थ रहन शक्ति प्राप्त भइरहेको थियो।

तर अजातशत्रुले बिम्बिसारलाई चंक्रमण गर्न पनि प्रतिबन्ध लगाइदियो। उसले राजदरवारका नाउ कारागारमा पठाई बिम्बिसारको पाइताला चक्कुले चिर्न लगाई उक्त घाउमा नून छर्की बलेको कोइलाको रापमा ताप्न लगाइयो। यस्तो निर्दयितापूर्वक दिइएको यातनाले बिम्बिसार हिँडडुल गर्न असमर्थ भए।

एकातर्फ भोकको पीडा अर्कोतर्फ पाइतालाको घाऊको असह्य वेदना। विपश्यी बिम्बिसारले यसलाई धैर्यतापूर्वक सहिरह्यो। यस्तो अवस्थामा पनि उसले आफ्ना अन्यायी छोरा अजातशत्रु प्रति कतिपनि द्वेषभाव

*( बाँकी १७ पेजमा हेर्नुहोला )*

Downloaded from http://www.dhamma.digital